CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यिक विवेचना

891.4809
व X2C सा

रिवेलबहादुर "भावुक"

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

'साहित्यिक विवेचना'

(आलोचनात्मक लेख सङ्ग्रह)



सप्रेम,
'सनीलालं'
चिरञ्जीवी दलजीत
[illegible]
३।६।४

लेखक :
खिल बहादुर 'भावुक'

मूल्य १।५०

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :—
लेखक आफै ।

प्रथम संस्करण :—
२०३० श्रावण, ७०० प्रति

(सर्वाधिकार लेखक आफैमा)

C 89.8309
वि 22 सा

मुद्रक :—
'जागृति' छापाखाना
कमलाक्षी टोल, काठमाडौं
नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

"उदारवादले सैद्धान्तिक संघर्षलाई इन्कार गर्दछ र सिद्धान्तहीन शान्तिको पक्ष लिन्छ लिन्छ, यसरी भ्रष्ट उत्ताउलो प्रवृत्तिलाई जन्म दिएर पार्टी तथा क्रान्तिकारी संगठनभित्रका केही अंग र व्यक्तिहरूमा राजनैतिक पतन ल्याइदिन्छ ।"

— माओ

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

प्रगतिशील साहित्यमा यो सानो पुस्तिकाको प्रकाशन कुनै महत्वपूर्ण दैन होइन। यो सामान्य पाठक प्रतिक्रया मात्र हो भने पनि हुन्छ। अनि यो नौलो कृति पनि होइन, पूर्व प्रकाशित लेख-हरूको सङ्कलन र पुनर्मुद्रण मात्र हो। यसमा समावेश लेखहरूमा कतै - कतै, यता - उता आफ्ना मान्यताहरू दोहोरिन पुगेका छन्, तथापि उपयोगिताको दृष्टिले छाँट - काँट गरिएको छैन। 'साहित्यिक विवेचना' मैले यसको नामकरण गरेको छु ('समयोद्गार' प्रकाशन-कालको योजना बाहिरबाट) तुन हदसम्म यस नाउँले सङ्कलित लेखहरूको प्रतिनिधित्व गर्न सकेको छ, यो आफै म नभनौ।

प्रगतिशील साहित्यमा यता अनेक प्रवृत्तिहरू देखापरेका छन्। वैचारिक संघर्षको शुरुआत भैरहेछ, यो अति उत्साहवर्द्धक शुरुआत हो। वर्ग विभक्त समाजमा संघर्ष हुन्छ— हुनै पर्दछ। यसबाट औताउने र हताशिने कुनै कारणै छैन। वर्ग विभक्त समाजमा साहित्य, कला र संस्कृति पनि स्वतः नै वर्ग सापेक्षित रूपमा विभाजन हुन्छ। मानव विकासको इतिहास जुन प्रकारले वर्ग संघर्षको इतिहास हो, ठीक त्यसरी नै कला, संस्कृति र साहित्यको इतिहास पनि वर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

स्वार्थको प्रतिविम्ब हो। अतः प्रगतिशील साहित्य के हो, कसका लागि र हुनु पर्दछ कस्तो ? भन्ने सवालमा प्रगतिशील साहित्यकारले स्पष्ट हुनै पर्दछ। रचनामा मात्र साहित्यकार प्रगतिवादी भएर पुग्दैन, प्रगतिवाद भनेको मार्क्सवाद हो तदनुकूल वर्गीय चरित्र एवं व्यवहारमा आफूलाई ढाल्नै पर्दछ। यसरी हेर्दा सामान्य 'गतिशीलता' नै 'प्रगतिवाद' होइन। यदि सामान्य 'गतिशीलता' नै 'प्रगतिशीलता' हो भनिन्छ भने हामी के कुरोमा प्रष्ट हुनु खॉचो पर्दछ भने— 'हामीले लिनु पर्ने प्रगतिशीलता कुन हो ?' लेखनाथेली, प्रेमचन्द्रीय, टाल्सटायली, सार्त्रेली या मार्क्सवादी ? यसरी प्रगतिशीलताको वर्गीकरण गर्नै पर्छ— यदि सामान्य गतिशीलता नै प्रगतिशीलता हो भनिन्छ भने। अन्यथा स्पष्ट छँदैछ सामान्य गतिशीलता नै प्रगतिशीलता होइन— मार्क्सवाद नै प्रगतिवाद हो, हामीले व्याख्या गरेको प्रगतिशील साहित्य मार्क्सवादी साहित्य हो जो 'मार्क्सवाद लेनिनवाद र माओ थट' ले निर्वाह गरेको विश्व सर्वहारावादी राजनीति मूलक हुन्छ। यसर्थः हाम्रो प्रगतिशील साहित्यले– सामन्ती - पूँजीवादी अत्याचारी निरंकुश राजनीतिक व्यवस्थागत समाजमा विद्यमान भोका, नाङ्गा, अशिक्षित, रोगग्रस्त मेहनतकश शोषित एवं विस्थापित जनताको पक्षमा बोल्नु पर्दछ, न्यायोचित हक र हितका लागि जनतालाई संघर्षमा उत्रिन प्रेरित एवं निर्देशित गरेको हुनै पर्दछ।— यी कुराहरूको व्याख्या, विश्लेषण र विवेचना यसभित्र गर्न खोजिएको छ, यद्यपि क्रमबद्ध रूपमा गर्न सकिएको छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यलाई केवल मनोरञ्जनको एक साधनको रूपमा हेर्न खोज्ने, आत्मतुष्टिको लागि कलम चलाउने, देशका भावि सन्तानलाई राजनीतिक, आर्थिक एवं सामाजिक जस्ता मूल समस्याबाट टाढ़ा राखेर यौनशिक्षाद्वारा दिग्भ्रान्त बनाएर 'दम मारो दम मिटजाये गम' जप्न लगाउने अनि साहित्य राजनीतिबाट स्वतन्त्र हुनु पर्दछ अन्यथा साहित्य साहित्य नभएर वादविशेषको प्रचार साधन बन्न जानेछ आदि भनेर निरर्थक शब्द अलाप्ने असामाजिक जन्तुहरूका लागि यो पुस्तिका अवश्य नै सिलटिम्बुर हो।

अर्कातिर 'यो साहित्य हो' भनेर नपन्छाइदिएमा प्रगतिवाद-प्रति जागरुक - आस्थावान सबैका लागि यो रसयुक्त फल हो— जरुरै यसले साहित्यप्रति चाख नराख्नेलाई पनि भन्न खोजेको छ, केही दिन खोजेको छ। किनभने 'साहित्य र राजनीति आपस्तमा अविछिन्न सम्बन्ध राख्तछन्'— 'Literature is the propo-ganda of an ideology'. (साहित्य कुनै वादको प्रचार साधन हो) भन्ने कुरामा म विश्वस्त भएरै कलम चलाउने गर्दछु।

आफूलाई लागेका अरू केही कुरा गरुँ— यस पुस्तिकामा समावेश रचनाहरूमध्ये 'ध्रुवीकरण बारे केही कुरा' हालसालैको हो, अरू सबै केही अघिका रचना हुन्— प्रत्येकको आखिरमा अङ्कित मितिले जनाएकै छ। जुन मत यसभित्रका लेखाइमा प्रतिपादन गरिएको छ अद्यापि म त्यही मतमा दृढ छु। विचारपक्षमाभन्दा भाषा र कलापक्षमा आफू अलि पछि परेको छु भन्ने लागेको छ। भाषा, भाव र शैलीको नाउँमा विषयवस्तुको वेवास्ता र विषयवस्तुको प्रधानताको नाउँमा भाव - भाषा र शैलीको निन्दा दुवै खराब कुरा

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्। यसरी आफ्ना लेखहरूलाई हेर्दै जाँदा खोटरहित छन् भन्न सक्तिन। तर पढदा अल्मल्याउँदो र नबुझिदो रूपमा यो प्रस्तुत हुन पुगेको छ भन्ने चाहिं मलाई लाग्दैन। बरु, शैलीले साहित्यिक भाषाभन्दा पत्रकारिताको छनक दिए झैं लाग्दछ।

कसैका लागि (म आफू विद्वान् नभएकोले विद्वानहरूको लागि) यो पुस्तिका समय नाशक बनिदेला पनि तर शिकारु लेखक र सामान्य पाठकगणका लागि भने यो समय नाशक मात्र अवश्य बन्ने छैन। केहीले मात्र पनि गरो यो प्रयासको कदर गरिदिएछन्, फाइदा उठाउन सकेछन् भने काफी हुन्छ मलाई। आफ्नो प्रयत्नमा सफल भएको ठान्नेछु म।

अन्तमा— निष्पक्ष आलोचक र विज्ञ पाठकहरूसंग म के आशा राख्तछु भने— यसभित्र भेटिने सबै गल्तीलाई अक्षम्य ठानी आफ्ना औंला त्यतैतिर हेर्स्याइदिने छन्, आउँदा प्रयासहरूमा ती गल्तीलाई सुधार्न आवश्यक सुझाव दिन कष्ट मान्ने छैनन्।

यसपछि— आफ्नो कमजोर काँधमा गरुङ्गो आर्थिक भार थाप्नु पर्नें कुरा जानेर पनि पुस्तक प्रकाशित गर्न हौस्याइरहने पूजनीय दाजू श्रीमान् बालकृष्ण बुढाथोकी छेत्रीप्रति अनुपम कृतज्ञता प्रकट गर्दछु। साथै शक्तिराम भण्डारीज्यू, सम्पादक 'जागृति' साप्ताहिकको प्रेस सम्बन्धी सहयोग र सहुलियतप्रति हार्दिक आभार प्रकट गर्दै गाताको डिजाइनर साथी बलराम थापा र यसभित्र समावेश लेखहरू प्रकाशित गरिदिने पत्रिकाहरू— दृष्टिकोण, निर्माण, जागृति, पूर्वेली धुन आदि र सबै सहयोगीहरूलाई म विर्सन सक्तिन।

धन्यवाद!

१५ श्रावण, २०३०

— लेखक

CC-0. In Public Domain. Digitization by eGangotri

— विषय सूचि —

१. प्रगतिशीलताको उत्कृष्टता 'लुस्यून साहित्य' र नेपाली प्रगतिशील साहित्य' — १

२. 'शान्ति सन्देश सामान्य विवेचना' — १३

३. ध्रुवीकरण बारे केही कुरा' — २८

४. 'साहित्यमा विद्रोहात्मकता' — ३८

५. एउटा अनिवार्य आवश्यकता 'साहित्य विवेचना '— ४८

CC-0. In Public Domain. Digitization by eGangotri

'प्रगतिशीलताको उत्कृष्टता 'लुस्युन साहित्य'
'र नेपाली प्रगतिशील साहित्य'

लुस्युन साहित्यकार मात्र थिएनन्, खुशीको कुरो एक वरिष्ट योद्धा पनि थिए। उनी कलमकै भरमा रहेर सर्वहारावादी अधिनायकत्वको कल्पनासम्म पनि गर्दैनथे, गौरवको कुरो बन्दुक समाएर शत्रुतिर हुर्किन्थे पनि। हो, लु स्युनले कलममात्र समाएनन्-बन्दुक पनि समाए, नारामात्र घरालेनन्, भूमिगत क्रान्तिकारी संगठनको विकासमा पनि लागिपरे। यस तथ्यलाई विश्व सर्वहारावर्गको आशाकेन्द्र जनवादी गणतन्त्र चीन राष्ट्रका अध्यक्ष श्री माओत्सेतुङ्गले खुलस्त्याउनु भएको छ। उहां भन्नु हुन्छ-"लु स्युन सांस्कृतिक क्रान्तिका कमाण्डर हुनुहुन्छ, शत्रु पक्षको अगाडि टाउको ननिहुराउने अझ विरोधमा हामफाल्ने वीर हुनुहुन्छ।" यसबाट साबितिन्छ कि लु स्युन जे गर्थे लेख्थे, जे लेख्थे, त्यो गर्थे, उनले आफै भनेका छन्: "हजारौं वैरीहरू मतिर आफ्ना औंलाहरू ठड्याउन् तर तिनको कति पनि पर्वाह नगरी अडिग भएर म तिनीहरूतिरै फर्की आंखीभै तन्काउंछु। तर म ती केटाकेटीहरूको (जनताको) भने आफ्नो मुन्टो निहुन्याउंदै एउटा सोझो गोरू झैं भएर सेवा सह्मार गर्न तयार छ।" अतः लु स्युन जस्ता क्रान्तिकारी योद्धालाई "कलमवीर" मात्र भनेर

CC-0. In Public Domain. Digitization by eGangotri

उहांको महान्तालाई खुरुच्याउन रुचिदैन । साथै "हामीहरू लेखक हौं, हाम्रो हातमा कलम छ । यो कलम हाम्रो बन्दुक हो, खुकुरी हो । हाम्रो हातमा पनि कलम छ,–हामी पनि आफ्नो नेपालको हृदय र मथिंगललाई कमारा हुन दिने छैनौं ।" भनेर वहांकिने हामीबाट लु स्युनको सन्मान हुंदैन र जन आन्दोलनमा टेवा पुग्ने छैन । मलाई लाग्छ नेपालको मात्र नभएर जुनसुकै पनि सामन्ती–पूंजीवादी समाजको हृदय र मथिंगललाई कमारा हुन नदिन हाम्रो हातको कलम नै यथेष्ट छैन । कलमलाई मात्र बन्दूक र खुकुरी मानेर वहकिनु त ठ्याम्मै कोरा आदर्शवाद अंगाल्नु हो र हावामा तलवार चलाउनु जति मात्र हो । प्रत्येक क्रान्तिकारी योद्धा लेखक बन्नै पर्छ भन्ने कुनै अनिवार्यता छैन तर, प्रत्येक लेखक क्रान्तिकारी योद्धा बन्नै पर्दछ– लुस्युनझैं । तब नै सांचो अर्थमा जनवादी आन्दोलनले तीव्रता प्राप्त गर्दछ र पछि सफलता । अन्यथा सुविधा सम्पन्न शहर, बजारमा रहेर अनवरत लेख्दै जानु व्यक्तिगत स्वार्थ पूरा गर्नु सिवाय अरू बढी केही ठहर्दैन र ठहर्छ केवल लुस्युनलाई नबुझ्नु उहांको साहित्य नपढ्नु–पढ्ने पनि बिर्सिनु र काल्पनिक समाजवादलाई स्वीकार्नु । कारण मात्र लेखाई, बोलाई र कोठे उक्रयाईले जनवादी आन्दोलन अगि बढ्न सक्तैन । यहां प्राय आदर्शवादी एवं बढी भएमा सुधारात्मक नारा गुन्जिरहेछ यो पनि फगत कागजमा । अपशोच यसैलाई पनि यहां "प्रगतिवाद" शब्दको प्रयोग गरिन्छ । यसरी सिंहावलोकन गर्दा "प्रगतिबाद" शब्दको प्रयोग सुठाउंमा भएको पाइंदैन । आदर्शवादी एवं सुधारात्मक विचारधारा अतिपादित लेखादिलाई प्रगतिशील

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य भनिएको पाइन्छ । तर, प्रगतिशील शब्द यस अथमा प्रयोग भै रहेकोलाई स्वीकार्न कदापि सकिँदैन । जहांसम्म मेरो राय छ "प्रगतिवाद" एवं "प्रगतिशील शब्द "मार्क्सवाद–लेनिनवाद र माओ विचारधारा" को पर्यायवाची शब्दको रूपमा प्रयोग गरिनु पर्दछ । लुस्युन साहित्यले यही कुरो प्रमाणित गरेको छ । हामी वीर हौ हाम्रो बन्दुक औ खुकुरी कलम नै हो, हामी लेखक हौं–हाम्रो काम लेख्ने नै हो लेखेर नै क्रान्ति शुरू हुन्छ, सफल हुन्छ" आदि सोच्नु बिलकूल गलत मानिन्छ । यदि हामी यस ढुंगोमा पुगिसकेका छौं जनवादी आन्दोलनलाई अगि बढ़ाउनु छ, दुई-चार लेख-निबन्ध कथा कवितादि लेखेर नामको विज्ञापनमात्र गर्नु छैन भने कलाकार र साहित्यकार या पत्रकार मात्र नै भएर पुग्दैन लुस्युनझै क्रान्तिकारी योद्धा समेत हुन सक्नु पर्दछ । कोठामा बसेर सर्वहारावादी अधिनायकत्वको कल्पना गर्नु र नारा उराउनु मात्र प्रगतिशीलता ठहर्दैन । यद्यपि हामी यसैमा अल्झिएका छौं ।

लुस्युनलाई हामी पढ्छौं, सही अर्थमा श्रद्धा व्यक्त गर्दछौं भने प्रथमतः आफूमा निहित पूंजीवादी-सामन्ती विचारधारालाई विश्व सर्वहारावादी विचारधारामा फेर्दै वर्गिय अडानमा अडेर अग्रसर बन्ने सक्दो प्रयासमा लाग्नु पर्दछ, जसरी एउटा चलचित्रको दृश्यावलोकन पश्चात लुस्युनको जीवन नौलो गोरेटोतिर मोडियो । अपशोच आज हामी जतातै यथार्थमा बहुसंख्यक मेहनतकस दाजु-भाइ, दिदी बहिनी अन्याय-अत्याचार र सामन्ती शोषणको भूङ्ग्रोमा पिल्सी-रहेंका देखि रहेछौं तै पनि कागजीय क्रान्तिमा तल्लीन छौं, तल्लीनको

CC-0. In Public Domain. Digitization by eGangotri

सास फेर्छौं र आफ्नो यसै नीच प्रक्रियालाई अंगालेर अझ तीव्र गतिमा अगि बढिरहेको महसूस गर्छौं। घुम्ने मैचमाथि बसेर क्रान्तिकारी शब्द प्रयोग गर्दै रचिएका लेख-निबन्ध, कथा, उपन्यास र कवितादिको माध्यम क्रान्ति छोड्ने परिकल्पनामा हाम्रो सोचनशक्ति ह्रास हुँदै गैरहेछ। हुंदाहुंदै प्रगतिवादी कहलिएका महापण्डितहरू लुस्युनलाई देवकोटा, प्रधान र रिमालसंग दाज्न समेत पछि परेनन्-यो गत सालको समारोहबाट थाहा पाइयो। मेरो आफ्नो सोचाईमा त लुस्युनलाई न कविन्द्र, रविन्द्र, प्रेमचन्द्र, बरनार्डशा, सेक्सपियर, टाल्सटाय, मोपासा, चेखव आदिसंग दांज्न सकिन्छ न त देवकोटा, रिमाल, प्रधान, समसंग नै। लुस्युन र उनका साहित्यलाई त सर्वहाराबादी यथार्थ जन साहित्यको मापडण्डको रूपमा लिईनु पर्दछ, कारण लुस्युन साहित्यले सर्वहारावादी यथार्थ जनसाहित्यको उत्कृष्टता हासील गरेको छ।

प्रचारित नेपाली प्रगतिशील साहित्य र वास्तविकता दाँजेर हेर्दा निकै भिन्नता परिणाममा देखा पर्दछ। हाम्रो वर्तमान प्रगतिशील नेपाली साहित्यको मूल्यांकन गर्ने सन्दर्भमा यस भनाईलाई अगि सार्नु युक्तिसंगत ठहर्दैछ-। कलमबाट त हजार शब्द लगातार निस्कन सक्तछ, तर विषय वस्तुबाट भने दश हजार लि नै टाढा हुंदै जान्छन्।" यहां जस्तै छ, याहांको वर्तमान प्रचारित साहित्याध्यानबाट यो अनुभव हुन्छ कि यहां क्रान्तिको मध्य भैरहेछ। तर वास्तविकतासम्म पुग्ने कष्ट गरे हामी थाहा पाउनेछौं हाम्रो साहित्य यथार्थतः दश हजार लिभन्दा पनि टाढा छ। यो भयो

CC-0. In Public Domain. Digitization by eGangotri

कसरी ? स्वभावतः प्रश्न उठ्तछ र सजिलै जवाफमा यसो भन्न सकिन्छ-हामी हाम्रो काम लेख्ने नै हो भन्ने गलत ठनाई अनुसार लेखि रहेछौं । लमत्रबीर कहलिन । अतः यस स्थितिमा साँचो अर्थमा सर्वहारावादी यथार्थ जनसाहित्यको विकाशनार्थ लुस्युनको यस भनाईलाई पढ्नु आवश्यक छ-"जब तपाईं संग भन्नालाई कुरा छैन, तब त्यस वेला आफूलाई लेख्न बाध्य नतुल्याउनु ।" प्रायः सबैले उहांका उक्त वाक्य पढेका छौं तर, व्यवहारमा लागु गर्न सकेका छैनौं । तबसम्म हामी व्यवहारमा जान सक्ने छैनौं जबसम्म अर्थ न वर्थका शब्दले भरपूर लम्बे लेखेर पाठकहरूलाई अल्मल्याउने, अन्यथाकारी रचना रचेर प्रगतिवादी कहलिने, आर्थिकोपार्जनको कारण लुस्युनका रचनाहरू अनुवाद गरेको भरमा उहांको अनुयायी घोषित हुन चाहने, रचनामा उहांको नाम समावेश गर्न वा उहाँबारे दुईचार शब्द अलापेर प्रगतिवादी लेखक हुँ भनाउन चाहने जस्ता खोक्रो चालवाजीतिर लाग्दछौं र धनराशि जम्मा गन व्यस्त रहंदा रहंदै पनि र रमणीय नगरवासी हुंदाहुंदै पनि कल्पनाको भरमा ग्रामीण जनताको नास लिने आदि गर्दै दिनको १-२ घण्टा सुसज्जित कोठामा क्रान्तिकारी बन्ने स्वाङ रचिन्छ । यिनै साथिका खोक्रा चालवाजी नै वर्तमान प्रगतिशील साहित्यको श्रोत बन्न पुगिरहेछ-सांचो अर्थमा त्यो प्रगतिशील साहित्य हुंदै होइन, जमानामा बढुलेको ग्रामीण अनुभवको आधारमा च्याएटे, लुसे, ठूला धेरै र गैराघरे शब्द प्रयोग गरिंदैमा कसरी हुन्छ त्यो प्रगतिशील साहित्य र जन साहित्य ? यसो

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुको अर्थ सांचो प्रगतिशील साहित्यको सृजना भएकै छैन होइन भएको छ तर कम अंशमा र यै आंशिकरूपमा सृजित प्रगतिशील साहित्यले नै पनि पूंजीवादी उडन्ते साहित्य मानिएको शोषणप्रलाप र आध्यात्मिक जाल क्रमिकरूपमा चुंडाउँदै आई रहेंको छ। यसर्थः सांचो अर्थमा प्रगतिशील साहित्यको विकासमा लागिपरेका साहित्यकारहरूले अब पूंजीवादी साहित्य र साहित्यकार भनाउंदा मात्रको विरोधमा होइन, तथाकथित प्रगतिवादी, बुद्धिवादी, गौकावादी, व्यक्तिवादी र संशोधनवादी गद्दार लेखुवाहरू समेतको विरोधमा कलम चलाउँदै वास्तविक जनवादी कार्यमा सरीक हुनु पर्ने दिन आई सकेको छ-दिनको प्रतीक्षामा आफूलाई जिम्दै नमारौं। यस अवस्थामा लुस्युनको यस भनाईप्रति व्यवहारिक श्रद्धा देखाउनु परेकोछ–"हामीहरू भने बांधिन नसकेकोले हामीहरू हाम्रो उद्देश्यमा नै भांडिएका छौं, हामीहरूमध्ये कोही दलगत स्वार्थका लागि, कोही व्यक्तिवादका लागि काम गरिरहेंका छौं भन्ने खुलस्त पार्दछ। हामीहरू किसानहरू र ज्यामीहरूका लागि केही गर्न चाहन्छौं भने रणमोर्चा स्वभावतः संयुक्त हुनेछ।" तर, हामी तितर बितर भै रहेछौं र आफ्नो व्यक्तीय सोचाई अनुरूप साहित्यको सृजना गरिरहेछौं, वास्तविकतावाट अलगिएर अन्ध, धुन्दले लेखिरहेछौं जसबाट फाइदा मुस्कालैले एक आना हुँन्छ। वेफाइदा चाहिं चौविस आना। अतः हामीले अनवरत लेख, कविता, कथा लेख्ने, प्रकाशित गर्ने र होड़ाहोडमा वर्षे च्याउको उचाई गतिमा सामयिकताको नाभ दिएर, प्रगतिशीलताको

CC-0. In Public Domain. Digitization by eGangotri

जलप लगाएर प्रकाशित गर्नु पूर्व यस भनाई प्रति गैरिएनौं ''वास्तवमा हाम्रा साथीहरूलेभन्दा हाम्रा वैरीहरूले किताबहरू पढ्नु (हाम्रा लेखहरू पढ्नु-ले) हाम्रो निम्ति दुखदायी, आश्चर्यलाग्दो र हानीकारक हुंन्छ।''

(माथि नै उल्लेख गरिएको छ–हाम्रा साथी भनिन आई पुगेका केही व्यक्तिहरू साहित्य नै सर्वशक्ति सम्पन्न हतियार हो भन्ने गल्ती गर्दछन्। क्रान्तिको लागि साहित्य नै सबै हो भन्न सकिंदैन र होइन पनि-साहित्य त केही मात्र हो सबै त मेहनतकश जनताहरू हुन जो शोषितावस्थामा हुन्छन् उनीहरूद्वारा नै क्रान्ति सम्भव मात्र होइन सफल समेत हुंन्छ–साहित्यद्वारा मात्र होइन, यसद्वारा त सम्भवसम्म मात्र पनि छैन। क्रान्तिवेलाको साहित्य विषयक प्रवचनमा क्रान्तिकारीहरूलाई संबोधन गर्दै लुस्युनले भन्नु भएको छ–"आजको अवस्थामा कुनै कुरो चाहिन्छ भने क्रान्तिकारी लडाई मात्र हो। लडाईको हाकिमलाई कविताले तर्साउन सक्तैन तर, गोलीले उसलाई भगाउन सकिन्छ।" १९२७ को चीन अवस्थालाई लिएर भनिएको हो, आजको हाम्रो अवस्था त्योभन्दा फरक छ–त्यो अवस्थामा पुग्न नै पनि अझ थुप्रै गैड़ा पार गर्नु छ र आजै हामी कहां साहित्यको आवश्यकता छैन भन्न सकिंदैन। अतः लुस्युनको यस तथ्यलाई अगि बढाउन–"राजनीति पहिले आउंछ, त्यसपछि कला चल्छ।" आखिर हाम्रो पहिलो काम त राजनीतिक कामलाई अगि बढाउनु हो र त्यस क्रममा आवश्यकतानुकूल साहित्य र कलाको सृजना गरिनु पर्दछ! यसको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिकूल संपूर्ण राजनीतिक सवालजवाई छोडेर साहित्य साहित्य भनेर हुरूकिनु मुनासिब ठहर्दैन ।

दिभित्रोव भन्दछन्–"लेख्दा अथवा बोल्दा हमेसा एक साधारण मजदूरलाई ध्यानमा राखि राख्नु पर्दछ, जसले तपाईंको कुरालाई अवश्य बुझोस्, तपाईंका कुरामा अवश्य एकिन गरोस् र तपाईंको अनुसरण गर्न तयार होस्, तपाईंले ती मानिसहरूलाई ध्यानमा राख्नु पर्छ, जुन मानिसहरूको लागि लेख्तै हुनुहुन्छ, जुन मानिससंग कुरा गर्दै हुनुहुन्छ" यसै अनुरुप हामी हाम्रो साहित्यमा जनताको व्यथा, कथा र अवस्था उतार्न कोशिस गरौं जनताकोसहवासमा रहेंर, तब हाम्रो साहित्यले सही अर्थमा आवश्यकतालाई पूरा गर्नेछ । यस सन्दर्भमा य पंक्ति पढौं–"यदि कुनै व्यक्तिले बकवासमात्र नगरी वास्तवमा इमानदारीसाथ लोकप्रिय शैलीतिर रूपान्तर हुन चाहन्छ भने उ जनसाधारण बीच जानै पर्छ र उनीहरूसंग सिक्नै पर्छ । अन्यथा उसको रूपान्तर एक बकवास मात्र हुनेछ ।"

लुस्युन साहित्यको संक्षिप्त अध्ययनबाट नै पनि हामी हाम्रो प्रचारित साहित्यको मूल्यांकन र छानविन गन सक्तछौं । नेपाली प्रगतिशील साहित्य पढ्दै जांदा अनुभव यो हुंदै जान्छ– कोरा सिद्धान्तकार बनेर बहस गर्नेहरूको संख्या अब गनेर भ्याउन सकिन्न । लेखाइमा आकाश र पाताल ठ्याम्मै जोड्न सकिन्छ, तर पर्छ कठिन व्यवहारमा जोड्न । यसैले पनि कोरा सिद्धान्तकारी लेखकहरूको संख्या बढ्न सकेको हो । कुन लेखक

CC-0. In Public Domain. Digitization by eGangotri

कति हदमा प्रगतिगामी छ, उसका २-४ रचना पढ़ाई पछि किटान गरी हाल्नु राम्रो काम होइन–उसको सम्पूर्णता २-४ लेखमा र बोलाईमा केन्द्रीत भएको हुन्दैन, साथै दुईचार लेखादिको भरमा एकले अर्कोलाई प्रगतिवादी साहित्याई दिनु पनि उचित ठानिदैन। उ आफै जनतासंग आफ्नो कामले चिनियोस् यो नै राम्रो हुन्छ। लुत्थुनलाई कसैले कसै बीच चिनाएन स्वयं उना चिनिए उनका सही क्रान्तिकारी सिद्धान्त अनुकूल व्यवहारले। एक-दुई-तीन होइन अनगिन्ति लेख लेखत्छन्। पूंजीवादी संस्कारबाट जन्मिएका बुद्धिजीवीहरू अरूलाई उपदेश दिन्छन् क्रान्तिको नारा बुलन्द गर्छन तर, जब जनता विम्फदै जान्छन् र उसको व्यक्तिगत हितका कुराहरूमा चोट पुग्छ तब उ एकैचोटि तल खस्छ र हुरूक्क सास फ्यांकी लाश बन्दछ। उदाहरणार्थ (सैद्धान्तिक भनाइमा) तानाशाहलाई औल्याउन सकिन्छ। उ हाल राजधानीबाट वर्ग संघर्षलाई थोत्रो नारा भनेर कुर्लिरहेछ, व्यक्तिवादी रूपी नरकको किरा बनिरहेछ जो जिउँदो भई टोपल्दा वर्ग संघर्षलाई लेखाई र बोलाइमा पूर्णतः मान्दथ्यो, अब मान्दैन। उ असामाजिक जन्तु हो-बोलाहा हो किन भने उ भन्थ्यो-शुद्ध द्वन्दात्मक भौतिकवादी प्रणालीले विश्लेषण गर्नें जमर्को गरेको छु। मार्क्सीय प्रणाली भन्नाले द्वन्दात्मक भौतिकवादी दर्शन भनी बुझ्नु पर्छ। अब भन्छ 'म अब मार्क्सेली पद्धतिलाई मान्दिन,' के यो तानाको पागलपन होइन? किन यस्तो हुन्छ? के हामीमध्ये पनि कोही यसै गरी पागल बन्दछौं-र मर्दछौं त जरूर

CC-0. In Public Domain. Digitization by eGangotri

पनि निश्चित रूपमा । मर्ने र जन्मने भै नै रहन्छ अनौठो र दुःखदायी कुरो होइन । एक जना लेखक भन्नु हुन्छ 'पुराना र पाका प्रगतिवादी लेखकबाट यस्ता भूलहरू भएको देख्दा हामीलाई झ्रलि बढी निराश नै भएको छ ।' यदि हामी सच्चा प्रगतिवादी छौं भने निराश भैदिन पर्ने कुनै कारण नै छैन । तर त्यो व्यक्ति जो मध्यम वा उच्च मध्यम वर्गबाट आएको हुन्छ, जस्लाई परिवेश र परिस्थितिले ल्याएको हुन्छ, शहरिया रमझमसमा रंगेर शाब्दिक क्रान्ति गरिरहेको हुन्छ, उसभित्र चर्को रूपमा नेतृत्वको भोक हुन्छ । जब त्यो भोकले आछ्छु-आछ्छु पार्न थाल्छ, तब उ गुफा बस्छ, परिवेश र परिस्थितिले उसलाई मार्छ र उस्को मृतात्मा बोल्न थाल्छ-' साम्यवादको सिद्धान्त त असल हो तर, तर्कभन्दा अगाड़ि बढ़ेर व्यावहारिक रूप लिनु खराब हो" कारण जब तर्कभन्दा अगाड़ि बढ़ेर व्यावहारिक रूपमा सिद्धान्त परिणत हुन्छ तब त्यो मध्यम वा उच्च मध्यम वर्गीय बुद्धिजीवी हार्दै जान्छ । घुम्ने मेच गुम्छ, सवारीको साधना गुम्छ, सभा र समारोह गुम्छ तब उ बाध्य हुन्छ "तर्कभन्दा अगि जानु खराब हो ।" हाम्रो प्रगतिशील शिविरभित्र यस्ता अनेक तत्वहरू छन् जसबारे यहाँ संक्षिप्त चर्चा समेत सम्भव छैन । अतः अन्तमा लुस्युनका यी हरफहरू उध्दत गर्दौं-"कोही समाजको निम्ति विद्रोह गर्छन्, कोही एउटा ड्फ्फाको निम्ति, कोही आईमाईको निम्ति, कोही आफैको निम्ति वा आत्महत्याको उपाय ठानेर विद्रोह गर्छन् ।" सच्चा प्रगतिवादीहरूले सबै विरोधी-

CC-0. In Public Domain. Digitization by eGangotri

तत्वको खिलापमा सक्रिय संघर्षलाई बढाउँदै जानु आवश्यक देखिन्छ ।

प्रगतिशील साहित्यको विकास, परिष्कार र परिमार्जनका लागि लुस्युन साहित्यलाई मापदण्डको रूपमा लिन सक्नु पर्दछ जलको लागि उहाँ र उहाँको साहित्यलाई विस्तृत रूपमा पढ्नु आवश्यक ठान्दछु तर. मैले उहाँ र उहाँको साहित्यलाई समय, साधन र मूल्यत क्षमताकै अभावले पनि पर्याप्त रूपमा पढ्न सकेको छैन, पढ्नु पर्छ भन्ने टुंगोमा भने नपुगेको होइन । अन्त्यमा म यस प्रष्टतालाई व्यक्त्याउछु–प्रगतिशीलतालाई फेशनको रूपमा प्रयोग गरी प्रगतिशील साहेंब बन्न पुगेका पुरानियाको नाममा अल्पसंख्यक शिक्षित समुदाय बीचमा अनेकन भ्रम दिएर साम्राज्य जमाइरहेको बुद्धिवादी आदिलाई आध्यात्मपंथीहरूले अस्तित्वहीन मूर्तिलाई पूजे झैं पूज्ने छुट प्रगतिवादले दिंदैन । लुस्युनका पंक्ति उद्धृत गर्दैमा र उहाँको सम्झनामा देखावटी सभा–समारोह मनाउँदैमा उहाँप्रति श्रद्धा गरिएको मानिदैन । जसरी शुरूमा एक बुद्धिवादी एवं सुधारात्मक दृष्टिकोण अनुसार औषध विज्ञानको अध्ययन गर्न जापान पुगेका लुस्युनले एक चल-चित्रमा निरक्षर र निसहाय चीनिया जनताहरू आफ्नै वर्गका बन्धुप्रति भिएको अमानुषिक दमन देखी नयाँ बाटोतिर लागे र अठोट गरे-निर्धा र दलित जनताको लागि तत्कालिक खाँचो औषधिको होइन विचार-दृष्टिकोणको हो। यसै गरी चल-चित्रमा होइन प्रत्यक्ष देशको सर्वत्र भागमा अन्याय, अत्याचार,

CC-0. In Public Domain. Digitization by eGangotri

दमन र शोषणमा पिल्सिरहेका, जनतालाई देखिरहेका हामीले वर्गीय दृष्टिकोण अनुसार उनीहरूको सहवासमा पुगी दृष्टिकोण फेर्ने काम गर्नु लुस्युनको अनुकरण गर्नु हो, उहाँप्रति श्रद्धा देखाउनु हो। बस् यति नै।

विश्व सर्वहारावादी जनसाहित्यकार, वीर योद्धा लुस्युन जिन्दावाद।

(दृष्टिकोणबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

'शान्ति-सन्देश सामान्य विवेचना'

शान्ति र अशान्तिको सवाललाई लिएर आज संसारभर विवाद चलिरहेंको छ । शान्ति शान्तिको नारा जनाततै थन्किरहेछ । को वा कुन व्यक्ति वा राष्ट्र आज शान्ति अप्रिय छ र ? साम्राज्यवादी शक्तिहरू पनि शान्तिकै नारा अलापिरहेछन् । सबै चाहन्छन् शान्ति नै । तर शान्ति शब्द अलाप्नैमा शान्ति कायम हुने होइन र शान्तिको नारा अलाप्नेहरू सबै वास्तविक रूपमा शान्तिप्रिय हुन्दैनन् । शान्ति स्थापनार्थ अशान्तिका सबै कारणहरूको अन्त गर्नु पर्दछ । शान्तिको वाटोमा आज मुख्य तगारो विश्व मानव शत्रु साबित सामन्तवाद र साम्राज्यवाद नै प्रष्ट छ । प्रतिक्रियावाद, विस्तारवाद तथा सामाजिक साम्राज्यवाद त केवल विश्व शत्रु सामन्त र साम्राज्यवादको हांगा-विंगा हुन र संसारमा मुखले शान्ति मन्त्र जप्नै अशान्ति मचाउने उल्लेखित वादहरू नै हुन् । शान्तिको नाममा आज अशान्तिको रडाको मच्चिरहेछ । यस परिवेषमा नेपाल अपवाद भएर रहन सकेको छैन । कारण यहाँ पनि छन् दुई भिन्नवर्ग । अतः सर्वप्रथम शान्ति र अशान्तिको विषयमाथि छलफल होइन वर्गको विश्लेषण

CC-0. In Public Domain. Digitization by eGangotri

र वर्गीय राजनीतिको गुह्य कुरो बुझ्नु आवश्यक छ । थिचिनेवर्ग (पीड़ितवर्ग) थिचाइबाट मुक्त रहन युद्धको आड् लिन्छ र थिच्नेवर्ग (पिड़कवर्ग) आफू जीवित रहन झन् जोड-जोडले थिच्न शान्तिको भ्रामक नारा अलाप्त छ । तर, भिन्न-भिन्न भने अशान्तिको रांको सल्काएर पीडितवर्गको न्यायोचित कदम रोक्ने र जलाउने काम गरिरहेको हुन्छ । यसरी हेर्दा युद्ध दुई भिन्न प्रकारको छ (१) न्यायोचित युद्ध र (२) अन्यायोचित युद्ध । थिचिनेवर्गले थिचाइबाट मुक्त रहन आफ्नो राजनैतिक सिद्धान्त अनुसार गरिने सबै युद्ध न्यायोचित युद्ध हो र यस किसिमको युद्ध (क्रान्ति) बिना संसारमा शान्ति कायम हुन सक्तैन । यसको विपरीत थिचाहावर्गले आफ्नो राजनैतिक स्वार्थ जोगाई राख्न गरिने सबै युद्ध अन्यायोचित युद्ध हो र यस प्रकारको युद्धले संसारलाई विनासको बाटोतिर धकेल्दछ । यसर्थ शान्ति कायम गर्न अशान्तिका सम्पूर्ण रूखको जरा उखेल्दै सूर्यको प्रचण्ड ताप र न्यायोचित क्रान्तिरूपी आगोको ज्वालामा तताउने र डढाउने गर्नु पर्दछ ताकि फेरि समाजमा जरा गाड्ने र हुर्कने मौका नपाओस् । यी शान्ति र अशान्तिका सामान्य कुरा हुन्, कवि श्री गोविन्द भट्ट रचित "शान्ति सन्देश" नामक लघु काव्य पढेर यी कुराहरू उठाइंदै छ । कवि भट्ट शान्ति सम्बन्धमा यसरी आफ्नो विचार व्यक्त गर्नु हुँन्छः

'शान्ति–शान्ति भनी मात्र हुन्दैन शान्तिकायम युद्ध जन्माउने सारा किटाणु मार्नु पर्दछ ।

हो, शान्ति कायम गर्न अशान्तिका सारा कारणको अन्त

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु पर्दछ भन्नुमा कसैको यहाँ दुइ मत छैन। तर कुन वर्गीय दृष्टिकोणले कुन कार्य कलापलाई अशान्तिको कारणमा र अशान्तिको कारणहरूको अन्तर्गत कुन वर्गले कस्तो उपाय निकाल्नु पर्दछ। यस सम्बन्धमा प्रत्येक व्यक्तिले आफ्नो धारणालाई प्रष्ट गर्नु पर्दछ। यसरी भौतिकवादी दृष्टिकोणले "शान्ति सन्देश" मार्फत कवि भट्टज्यू प्रगतिवादी बाटोमा प्रष्ट देखिनु हुन्न। समाजमा विद्यमान बहुसंख्यक मेहनतकश पीडितवर्गको संगठनात्मक शक्तिद्वारा लुटाहावर्गको अन्त गर्नु नै शान्तिको नजीक पुग्नु हो। कविले माथिका पंक्ति कुन सन्दर्भमा कसको मुखबाट भनाउनु भएको हो र कसको मुखबाट भनाउनु पर्दथ्यो यसलाई गम्भीरताका साथ छानविन गर्नु आवश्यक छ।

माथिका पंक्तिहरू "महाभारतको कथामा" वर्णित नायक मध्यका एक युधिष्ठिरबाट भनाइएको हो। यसैले यो विवाद ग्रष्ट छ। आज संसारमा मेहनतकश शोषित जनतालाई कुईरोको काग बनाउँदै उनीहरूको हक र हितबाट वंचित र पथ विचलित गर्ने काममा प्रयत्नशील तत्वहरूमध्ये आध्यात्मवाद पनि एक सबल तत्व हो। अतः द्वन्दात्मक भौतिकवादी जगत अन्तर्गत रहेर जनसाहित्यको रचना गरिनु पर्ने कुरो निर्विवाद छ। संसारका व्याप्त प्राचीन अनुपयुक्त संस्कृति र आदर्शको जरा उखेल्नु र त्यस स्थानमा जनोपयोगी आधुनिक भौतिक आदर्शको ब्यूरोज्नु नै आजको साहित्यको प्रारम्भिक काम हो। यस क्रममा हाम्रो (हिन्दू धर्म हो) प्राचीन संस्कृति र आदर्शको ढुकुटी मानिने

CC-0. In Public Domain. Digitization by eGangotri

"महाभारतको कथा, रामायण, पुराण गीता, वेदादिवारे नै पहिले सूक्ष्म अध्ययन गर्नु छ । यिनमा वर्णित एवं चित्रित गार्हस्त-दाम्पत्य र मातृत्व सम्बन्धी आदर्शहरू र विभिन्न राजनीतिक सामाजिक नीतिहरू आजको युगमा घृणास्पद र त्याज्य छन् । किनभने उल्लेखित धर्मशास्त्रहरूको मूल उद्देश्य नै सामन्तवादी-साम्राज्यवादी अध्यारो कुनामा मेहनतकश जनताई राखी अन्यायोचित युद्धलाई अघि बढाउनु हो । हुन त भौतिकवादी आँखा सामू आज ती प्राचीन कथाहरूमा यदाकदा भौतिकवादी आभास पाइएला तर त्यसलाई सच्चा भौतिकवादीहरूले ग्रहण गर्नु आवश्यक छैन । त्यसैले संसारमा फिजारिंदो सत्यवाद (भौतिकवाद) को सामान्य प्रभाव मात्र हो र वैदान्तहरूले आफ्नो स्वार्थ सिद्ध गर्न र जनताको आँखामा छारो हाल्ने जुक्ति रचेका मात्र हुन् । उदाहरणको लागि खड्गमान मल्ल लिखित "कल्याण के मा" (गद्य संग्रह भाग १) लाई हेर्न सकिन्छ, आफ्नो सामन्तवादीवर्ग स्वार्थलाई बचाउन भौतिवादी उन्नतितिर पनि आँखा नचिम्लन आदर्श छाटेको छ । तर त्यस लेखको आन्तरिक उद्देश्य चाहिं जनतालाई आध्यात्मिक खाडलमा जाक्नु नै हो । अतः अन्धवाद-रूढीवाद ग्रस्त प्राचीन धर्म शास्त्रले नराम्रोसंग शिथीलता ल्याएको नेपाली जनमानसको सोचन शक्तिलाई हेर्दा रामायण, महाभारतको कथा, गीता, पुरान वेदादि शास्त्र कुनै पनिमा वर्णित नीति घटना र चित्रित चरित्र, पात्र-पात्री आदिलाई साहित्यमा प्रवेश गराउँदा निश्चय नै शिथील सोचन शक्तिलाई

CC-0. In Public Domain. Digitization by eGangotri

अझ बढी कुरूप र पंगु बनाउनमा सघाउ पुऱ्याउँछ भन्ने कुरो-तिर प्रगतिवादी कवि लेखक र समालोचकहरूले ध्यान दिनु आवश्यक देखिन्छ। यसै पृष्ठभूमिमा कवि भट्टको "माहाभारतमा आधारित" शान्ति-सन्देश लघु काव्यको सामान्य विवेचना गर्ने इरादा अनुसार यस लेखमा खासगरी काव्यको आधारभूमि र कविको भूमिका बारे यथार्थता प्रस्तुत गर्ने जमर्को गरिएको छ। हुन त श्री भट्टको "शान्ति सन्देश" लाई छोडेर अरू फुटकर रचनादिको अध्ययनबाट पनि प्रगतिवादी साहित्यका पाठकहरूलाई पौराणिकताको अनुभव नहुने होइन। पौराणिकता प्रायः उहाँका रचनामा पाइन्छ नै। उदाहरणका लागि यहाँ एउटै मात्र कवितालाई अघि सारौं-क्रंदन "सामयिक संकलन वर्ष १ अंक एकमा प्रकाशित उहाँको भनुं र बाँच्नु-

"असल थिए उनी भलादमी थिए उनी कहिल्यै विर्सन्नौ उनको गुण-एकातिर सुनिन्छ"।

दुष्ट थियो उ, मतलबी शोषक थियो उ बेश भो मन्यो मोरो-अर्कोतिर भनिन्छ।"

माथिमा कवितात्मक भनाई द्वन्दात्मक भौतिकवादी दृष्टिकोणमा त्यति आधारित देखिंदैन जति सामान्य धार्मिक मत अनुकूल देखिन्छ। यसै कविताको अर्को पंक्ति, उनीहरूको विनास नगरी सकिन्न त्यसैले पाउन स्वर्ग' कविले सकेत गर्नु भएको "स्वर्ग" आध्यात्म पंथीहरूको कल्पित "स्वर्ग" भन्दा फरक के छ? भौतिकवादीहरू पनि "स्वर्ग छ भनेर मान्दछन् के? कविको

CC-0. In Public Domain. Digitization by eGangotri

नर्शन मौकावादमा तथा सामन्ती सुधारात्मक बुद्धिवादमा आधारित छ र जन साधारणलाई एउटा नालबाट झिकेर अर्को नालमा जाक्ने चलाकी गरिएको छ। एकातिर दुष्टजनको विनास नगरी हुँदैन भनेर हैस्याइएको छ त अर्कोतिर "स्वर्गको" आशा देखाइएको छ। बस, यहाँ यत्ति नै अब फर्किंयौं विषय वस्तुतिर नै।

आजभन्दा ४ वर्ष पहिले "शान्ति सन्देश" प्रकाशमा आउँदा यसको विषय वस्तु र आधारभूमिबारे विशेष चर्चा भएको कुरो हालै प्रकाशमा आएको दोश्रो संस्करणको भूमिकाले जनाएको छ। तर, पाठक प्रतिकृयाको प्रतिफल सुधार (आवश्यक संशोधन) गरिनुको उल्टो प्रतिकृयावादी मतानुकूल प्रगतिवादी पाठकहरूलाई केटाकेटीको रूपमा लिएर फुल्याउने भुल्याउने कोशिश गरिएको पाइन्छ। सायद पाठक प्रतिकृयालाई दबाउन र सामन्तवादी महाभारतको कथामा आधारित "शान्ति सन्देशको" महत्वलाई अझ बढाउन होला मानवतावादी वयोवृद्ध कवि सिद्धिचरण श्रेष्ठको सम्मति केही कुरा (६ पेज) र अन्तमा विशेष पाठकहरूको प्रतिकृया थपेको पनि छ। भूमिकामा भट्टज्यूले आफ्नो वास्तविकरूप लुकाउन खोज्दा खोज्दै पनि फुस्स फुस्किन पुगेको छ। एक पेट भात र एक आँङ्ग लुगाको आवश्यकता पूरा गर्न आफू बेचिंदै युद्धमा होमिन पुगेका र अझ बढी भोका नांगा नेपाली-हरूलाई लोभ्याउन प्रदान गरिएको (Victoria-Cross) आदिलाई बिसिएर युद्धमय परम्परा बढाउन "शान्ति सन्देश" को रचना भएको हो भन्न कवि भट्टज्यूलाई द्वन्दात्मक भौतिकवादले छुट

· CC-0. In Public Domain. Digitization by eGangotri

दिएको छ ।

"शान्ति-सन्देश" जुन आधारभूमिमा सिर्जित छ र जुन पात्रहरू छन् यस सम्बन्धमा अत्यधिक पाठहरूको जुन मत रहेंको छ यो पाठक पनि त्यसमा पूर्णतः सहमत छ । कारण "धर्म" के हो बारे यो पाठकको मत यस प्रकार छ-"धर्म कल्पित कुरो अर्थात् शून्य हो र सामन्तवादी महाजाल हो जसमा शोषक-सामन्तहरू चातुर्यता-पूर्वक मेहनतकश शोषित जनतालाई बेर्दछन्, फसाउँदछन् । जसले सहन र सन्तोष लिन सिकाउँछ र नभएकाको बल-बुद्धि र धनश्रम-को खर्च गराउँछ " अतः कल्पित तथा शून्य विषयलाई लिएर फेरि किन विवाद खडा गर्ने ? जब कि धार्मिक कथा महाभारतमा आधारित "शान्ति सन्देश" हाम्रो आफ्नै बीचमा विवाद ग्रस्त छ भने-सामान्य पाठक र विरोधीवर्ग बीच यसको स्थान कस्तो रहला ? यसरी हेर्दा "जन साहित्य" को पक्षपाती हामीलाई साँच्चै "शान्ति सन्देश" ले अँध्यारो खोंचतिर धकेल्न खोजेको छ । हामी प्रगतिवादीहरूको पहिलो काम त "शान्ति सन्देशको" अध्ययन गर्नु होइन ! महाभारतको कथाको मूल्यांकन गर्नु हुन आएकोछ-यस स्थितिमा श्री भट्टले हामीलाई ल्याइदिएको छ महाभारतको थोत्रो कथामा आधारित "शान्ति सन्देश" रचेर । कौरव र पाण्डव को हुन्, के महाभारतको कथा काल्पनिक त होइन ? आदि प्रश्न हामीसंग छ भने हाम्रै शिविरबाट भट्टज्यू "शान्तिको सन्देश" दिनु हुन्छ-जो महाभारतको कथामा आधारित घोषित छ । अब भन्ने के ?

CC-0. In Public Domain. Digitization by eGangotri

भट्टज्यू आफ्नो भूमिकामा भन्नु हुन्छ-"वास्तवमा प्राचीन संस्कृति र धर्मका केही पुनरुत्थानवादी समालोचक लेखकहरूले यस पुस्तिकाको मुख्य सन्देशलाई नै एकातिर पन्छाएर यसको आड़मा प्राचीन धर्मशास्त्रहरूको महत्व आज पनि कम भएको छैन र आफूलाई वैज्ञानिक भौतिकवादी भन्नेहरूले पनि यसको महत्वलाई स्वीकार गर्नु परेको छ आदि भ्रमहरू खडा गर्दै आफ्नो पूर्वाग्रह ग्रस्त रूढीवादी दृष्टिकोणको परिचय मात्र दिएका छन्" लाई लिएर विचार गर्दा पुनरूत्थानवादी समालोचक लेखकहरूले उनीहरूको आफ्नो क्षेत्रबाट उठाएको तर्क "शान्ति सन्देशको" आधारमा त्यति फितलो छैन जति आफ्नो क्षेत्रमा श्री भट्ट हुनुहुन्छ। दिनपर दिन मेटिदै गएको आफ्नो आध्यात्मिक अस्तित्व रक्षाको लागि फैल्याइने भ्रामक मतमा प्रगतिवादी भनाइएकाहरूबाट फेरि प्रत्यक्ष युधिष्ठिर र संजयलाई मुख्य पात्र बनाएर काव्य सिर्जना गर्दै "महाभारतको कथामा आधारित" भन्नाले उनीहरूलाई सांच्चै सोह्रसाथि एक थपिन पुगी हाल्यो सत्र भएको छ। हो तनि प्रगतिवादी साहित्य भनेर जतिसुकै चिच्याए पनि आखिर बाह्रपाने लघु काव्य तयार गर्न आधार चाहिंदो रहेछ उही आध्यात्मवादी कथा नै। "लौ हेर महाभारतको कथा कति महत्वपूर्ण छ, जतिसुकै भौतिकवादी नारा अलापे पनि आखिर भरपर्नु पर्छ यसमा, नपत्याए गोविन्द भट्टको" शान्ति सन्देश "हेर भनेर सेप्रिएको नाक फुन्याउँदै औंलो टेक्याएर भ्रम फिजाउन, के आध्यात्म पंथीहरूलाई सजिलो भएको

CC-0. In Public Domain. Digitization by eGangotri

छैन ? सत्यको जित हुन्दै आएर मरणाशन्न अवस्थामा पुगिरहेका आध्यात्म पंथीहरू आज निराधार फलाको फलाकिरहेछन्–यस अवस्थामा ऑखा हेर्ने अन्धा धर्मपंथीहरूलाई आफैंले फेरि केही दिन बांच्ने औषधी दिएपछि बांचेकोमा आश्चर्य मान्ने किन ? यदि सन्ते भन्ने एक सवान्त छ, त्यसले कान्छो घलेको घरवास लुटेर विचरोलाई विचल्लीमा पारेकोछ, यसै बीच कान्छो घलेले आफ्नो सर्वहारावादी वर्गीय राजनीतिलाई बुझ्ने मौका पाउँछ र सामन्त सन्तेको अन्त गरी आफ्नो लुटिएको घरवास फिर्ता लिने जमर्को गरिरहेछ । यो कुरो चाल पाएर आफ्नो घरमा दासको रूपमा पालेर राखेको सिंगेलामालाई भलिभाँती पढाएर कान्छो घलेलाई घरवासको निम्ति संघर्ष नगराउन पठाउँछ । यसै अनुसार सहनु सबैभन्दा वेस कुरा हो, सन्तोष लिनु पर्छ, समन्वय राख्नु पर्छ, संघर्ष गर्नु हुन्दैन" आदि भनेर कान्छो घलेमा रहेको न्यायोचित जोसलाई विथोल्याउन सकेसम्म कोशिस गर्छ । सिंगेलामा तर सक्तैन र फर्कन्छ, आखिर कान्छो घलेले संघर्षद्वारा आफ्नो घरवास फिर्ता लिन्छ । वस यस्तै पृष्ठभूमिमा "शान्ति सन्देशको" रचना गर्दै भौतिकवादी ढंगले युद्ध र शान्तिको व्याख्या गरिएको भए के पुनरूत्थानवादी लेखक समालोचकहरूले डुम्रिने मौका पाउँथे ? के उनीहरू सजिलै टाउको उठाउन सक्थे ? वैज्ञानिक भौतिकवादी पद्धति अनुरूप पुनरूत्थानवादी लेखक समालोचकहरूलाई थप्पड दिने नाममा गोविन्द भट्टका गल्तीलाई स्वीकार्न सकिंदैन । अतः पुनरूत्थानवादी लेखक

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचकहरूलाई लोप्पा खुवाउँदै कवि भट्टलाई सुधारका लागि घच्घच्याइन्छ । प्रगतिवादीहरूको कर्तव्य पनि यही नै हो । वास्तवमा धार्मिक कथानकलाई सर्वहारावादी रूप दिँदै जबरजस्त शान्ति र अशान्तिको विवेचना गर्न खोज्नु सरासर भूल हो । के शान्ति र अशान्तिको विवेचना या व्याख्या गर्न "महाभारतको कथा" नै एक मात्र उपयुक्त विषय छ ? यसलाई अरू बढी नलम्ब्याउँ । किनभने 'शान्ति सन्देशको" रचना हुन बाँकी छैन-यो चार वर्षको भैसक्यो । तर, आश्चर्य लाग्छ-पर्याप्त पाठकहरूको असन्तुष्टी अनुभव गर्दा-गर्दै फेरि अनेक भूमिका बाधदै यो सही छ भनेर मेरो गौरूको बाह्रै टक्कालाई चरितार्थ गरिएको छ । यस लेखकको भनाइप्रगतिवादी साहित्य रचनामा धार्मिक विषयवस्तु वा पात्र-पात्री नराखियोस् भन्ने होइन । तर "शान्ति सन्देश" मा युधिष्ठीर र संजयले जुन प्रमुखता पाएका छन् त्यो रूपमा चाहिँ होइन। यथार्थमा आध्यात्मवादले आज समाज लथालिङ्ग भएको छ, धर्मको नाममा दान-दक्षिणादिले मात्र पनि कति मानिस नाङ्गिएका छन । यसकारण आध्यात्मिकतावाट हुने समाजको अधोगति र नाजुकावस्थाको पूर्ण जानकारी दिने र सतर्क गराउने रूपमा धार्मिक वा अन्धविश्वासी विषयवस्तु वा पात्र-पात्रीलाई प्रस्तुत गरिनु पर्दछ र साटस्यरूपमा द्वन्द्वात्मक भौतिकवादी प्रणालीद्वारा पुनः जीवन प्राप्तावस्थामा पुऱ्याएर छोड्नु पर्दछ । तव नै पाठकहरूले सोचो कुरो बुझने छन् कि आध्यात्मवाद साँच्चै मानव शत्रु साबित तत्व हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

"शान्ति सन्देशमा" गरिएको महाभारतको युद्ध विवेचना अथवा युधिष्ठिरको मुखबाट भनाइएको युद्ध सम्बन्धी धारणाले "न्यायोचित र अन्यायोचित युद्ध" बारे प्रष्ट विचार दिन सक्दैन। भौतिकवादी आधारमा वर्गीय स्वार्थानुकूल युधिष्ठिर संजयलाई युद्ध सम्बन्धी कुरा भनिरहेको देखिंदैन। सबै मानिस हुन, सबैले लाउनु पर्छ खानु पर्छ भन्दैमा यो भनाई वैज्ञानिक औ द्वन्द्वात्मक भौतिकवादी छ भन्न सकिंदैन। महाभारतको युद्ध राजवंशका एक-सयपाँच भाइ बीचको हो र कृष्ण जस्तो नै तकहीन, लुच्चा, ठगाहाको निर्देशनमा संचालित थियो। अतः कसरी भन्न सकिन्छ यसलाई न्यायोचित युद्ध र यस किसिमको कथामा आधारित साहित्यद्वारा वर्गहीन वा नौलो जनवाद स्थापनार्थ कसरी सघाउ पुग्छ? साहित्य समाज तथा वर्गको लागि भने तापनि "शान्ति सन्देशले" साहित्य साहित्यकै लागिको पक्षमा वकालत गरेको छ। सामन्त औ साम्राज्यवादी राजसत्ताको लागि कौरवले अन्यायोचित युद्ध लडे-जिते यसको बावजुद लड्न तयार छ "पाण्डव" के पाण्डव नै पनि उही, राजसत्ताको लागि लड्ने तरखरमा त छैनन्? जरूर पनि उद्देश्य एउटै हो। वास्तवमा महाभारतको युद्ध एउटै वर्गको दुई भिन्न दलको अन्यायोचित युद्ध हो। यसको आधारमा आज युद्ध र शान्तिको विवेचना वा व्याख्या गनु भौतिकवादी दृष्टिले सर्वप्रतिशत अनुचित मान्नु पर्दछ। मानौं कुनै दुई सामन्तवादी राष्ट्र वा दलबीच युद्ध हुन असम्भव छैन-भयो परिणाममा एउटाले हान्यो अब उसंग आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने केही छैन र उ फेरि युद्धद्वारा "राजसत्ता" हत्याउने तरखरमा छ । के अब भन्न सकिन्छ "सर्वहारावादी न्यायोचित युद्ध? कवि भट्टज्यूसंग अब हामी यो प्रश्न गरौं-विस्तारवादी भारत सरकारद्वारा पालित एवं निर्देशित मुजिबर रहमान र सैनिक तानाशाही यायाखाँ यी दुइमध्ये कुनचाहिं कौरव हुन र कुनचाहिं पाण्डव तथा कुन चाहिंको पक्ष लिएर कुनचाहिंलाई युधिष्ठिर मानि भौतिकवादी मतानुकूल युद्ध र शान्तिको विवेचना गर्ने? के भारत पाक युद्ध र महाभारतको युद्ध फरक छ "जनयुद्ध" हो ?

अर्का कुरो "शान्ति सन्देश" को गहनतालाई साबित गर्न भूमिकामा यसो भनिएको छ-"युद्ध गर्ने परम्परा भएका हामी नेपाली हौं । त्यही गौरवमय परम्परालाई सम्झाउने काम 'शान्ति सन्देशले" गर्न खोजेको छ"। "प्रगतिवादको नाममा निकालिएको यस किसिमको प्रतिक्रियावादी विचारले हामीलाई निकै सचेत हुनु पर्ने कुराको संकेत गर्दछ । किनभने हाम्रा विगत युद्धहरू द्वन्दात्मक वैज्ञानिक भौतिकवादी हेराइमा गौरव तथा अनुकरणीय मान्न सकिदैन । हुन त नेपालीहरू युद्धमा नहोम्मिएका होइनन् । तर, भियतनाम रणक्षेत्रमा होमिन पुगिरहेंका वर्गीका घोडा समान अमेरिकी सैनिक जवानहरूकोभन्दा बढी महत्व राख्ने खालले वा भिन्न रूपले हाम्रा पूर्वज युद्धमा होम्मिन पुगेका थिएनन् र छैनन् पनि । हालैको भारत-पाक युद्धमा पनि नेपालीहरूले कम पुरूषार्थ देखाएनन् तर, त्यो पुरूषार्थमा

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले गौरव लिनु प्रतिक्रियावादी विचारधाराको समर्थन गर्नु मात्र हो। किनभने भौतिकवादी मतानुकूल वर्गीय शत्रुलाई दवा· उन नेपाली जवानहरू लडिरहेका छैनन् केवल वर्गीय शत्रुद्वारा लखेटिएर भारतमा पुगी निमेकको सोझो गर्न अर्थात् एक पेट अन्नको लागि वेचिएर लडिरहेका छन्। नेपालीहरूले कैयन युद्धमा भाग लिए तक्मा भिरे, दर्जा पाए यस्तै अमेरिकी भाडाका टट्टुहरू युद्धमा होम्मिएका छन्। तर युद्धको अर्थ बुझेर आफ्नो सर्वहाराबादी वर्गस्वार्थले प्रेरित भएर होइन सामन्तवादी–साम्राज्यवादी सत्ताधारी महाप्रभूको स्वार्थानुसार निमेकको सोझो गरिएका छन्। यसर्थ यस किसिमको युद्धद्वारा गौरवान्वित हुनु वा जमानामा निमेकको सोझो गर्न युद्धमा पिल्सिएका पुर्खाको नाममा नाक फुल्याउनु 'शान्तिको नाममा अशान्तिको रांको सल्काउँदै अन्यायोचित युद्ध फैलाउने युद्ध पिपासुहरूलाई टेवा दिनु मात्र हो। वैज्ञानिक तथा द्वन्दात्मक भौतिकवादी हेराइमा हाम्रो विगत युद्ध गौरवमय छैन। नेपालीहरूको युद्धमय परम्परा छ–युद्धप्रिय छन् र यसमा हामी सबैले गौरव मान्नु पर्छ भन्नु प्रथम, द्वितीय विश्वयुद्ध तथा भारत–चीनको मतभेद, भारत–पाक युद्ध आदिमा नेपाली जवानलाई भाडाको टट्टु बनाएर साम्राज्यवादी र प्रतिक्रियावादीहरूले चलाएको आक्रमण अन्यायोचित युद्धको समर्थन गर्नु साबित हुन्छ। 'शान्ति सन्देश" मार्फत कवि भट्टले समर्थन गर्नु भएको पाइन्छ। "गौरवमय परम्परालाई सम्झाउने काम "शान्ति सन्देशले" गर्न खोजेको छ"

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने उहाँको दावीले प्रमाणित गरिरहेछ । अझ प्रष्ट हुन्छ भूमिकावाट काव्यभित्र पस्दा । जहाँ युधिष्ठिर जस्तालाई सर्वहारा-वर्गको नेताको रूपमा चित्रण गरिएको छ ।

पाण्डवहरू युद्ध गरी आफ्नो अंश प्राप्त गर्ने अठोट गर्दछन्, उता कौरवहरू भने आफै सारा सम्पत्तिको मालिक भएर बस्न चाहन्छन् । यसै कारण पाण्डवहरूको निर्णायक युद्ध विथोल्न संजयलाई भलिभाति पढाएर पठाइन्छ । अनेक रूप र तालले युद्ध गर्नु खराव हो भन्ने तर्क संजय युधिष्ठिरसंग गर्दछ र पनि युधिष्ठिरले आफ्नो अंश प्राप्ति खातीर युद्ध लड्ने निर्णायक मत प्रष्ट गरेर पठाउँछ । सम्पूर्ण पुस्तिकाको सार यत्ति हो । काव्यमा यतिसम्म प्रतिक्रियावादी विचारधाराले स्थान पाएको छ कि जो सत प्रतिशत त्याज्य छ उदाहरणको लागि हेरौं, भूमिकामा भनिएको छ-"अन्तिम विजय नपाउञ्जेल सम्झौताहीन संघर्ष गर्नेछ ।" तर काव्यको मूल नायक यसो भन्दछ-"पाँचै गाउँहरू मात्रै भए पुग्छ भनी भने, अब त्यो पनि वढी भो, उसलाई र कुद्दछ"। "यसवाट बुझिन्छ भट्टज्यूको मूलनायक पाँच गाउँको सम्राट बन्न पाए युद्ध लड्दैन तव त भूमिकामा मात्र "सम्झौताहीन युद्ध" भनेर के गर्नु ? जवकि सम्झौताहीन युद्ध गर्ने मत अनुसार नायक लिन र त्यही कुरो भनाउन सकिएको छैन । अतः भूमिकामा भनिए झैं-"शान्ति सन्देशले नक्कली शान्ति हैन कि वास्तविक शान्तिको वकालत गरेकोछ ।" कसरी प्रष्ट हुन्छ ? पंक्ति कोर्न जति सजिलो पर्छ हामीलाई त्यसको तुलनामा धेरै गुना वढी

CC-0. In Public Domain. Digitization by eGangotri

कठिनाई भोग्नु पर्छ वास्तविक शान्तिको वकालत गर्न र पनि दृढ रहनु पर्छ अनि मात्र शान्तिको पूजारी भएर रहन सकिन्छ। न्यायोचित यद्धद्वारा मात्र शान्ति स्थापना हुन सक्छ र न्यायोचित युद्ध पाँच-सात गाउँको लागि मात्र चल्दैन। वर्गीय राजनीतिक स्वतन्त्रताको लागि अन्तसम्मलाई नै रहन्छ।

यहाँ "शान्ति सन्देश" को सामान्य विवेचनात्मक छलफललाई मात्र लिइएकोले भाषा शब्द र शैली बारे कुनै कुरा भन्न सकिएको छैन। हुन पनि पहिलो कुरो विषयवस्तु नै हो कवितात्मकता होइन। असल विषयवस्तुलाई बढी आकर्षक बनाउने काम नै कलात्मकताको हो। दोश्रो कुरो यो हामी बीचको छलफल भएकोले मोटामोटी किसिमले "शान्ति सन्देश" हेरिएको छ। यो त केवल भट्टज्यूको यस आव्हानमा जम्मिएको छ-"पहिले पहिले मैं पाठक विद्यार्थीहरूबाट यसरुल्ट पनि सुझाउ र आलोचनाहरू पाउने छु।"

०२८।८।११
(जागृतिबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

'ध्रुवीकरणवारे केही कुरा'

नेपाली प्रगतिशील साहित्यमा यता विशेषरूपले ध्रुवीकरणको प्रश्न उठिरहेको छ, व्यक्तिगत गाली गलोजको प्रवृत्ति तीव्र रूपले बढिरहेछ। प्रगतिशील साहित्य आफूमा स्पष्ट छ र पनि व्यक्तिवाद, अवसरवाद, अस्तित्ववाद, तटस्थवाद, अवसरवाद आदिले यहाँ Complication पैदा गरिदिएको छ। यस स्थितिमा अब के गर्न परिरहेको छ, हाम्रो साहित्यलाई स्पष्ट दिशामा कसरी मोड्ने? आदि प्रश्न खडा भएका छन् र ध्रुवीकरण यस स्थितिमा आवश्यक छ या छैन? यो चाहीं मूल प्रश्न हुन आएकोछ ध्रुवीकरणको अर्थ निराकरण, परिमार्जन र सम सिद्धान्तवादी बीचको समन्वयात्मक केन्द्रीकरण हुँ भने ध्रुवीकरणको आवश्यकतालाई मैले पनि अंगिकार गरेको छु। नेपाली प्रगतिशील साहित्यको सम्मान्य पाठकको हैसियतले यस सम्बन्धमा आफ्नो मत यथार्थतः समय-समयमा प्रस्तुत गर्दै आएको छु, यद्यपि प्रगतिशील राजनीति र साहित्यका दिग्गज तत्वज्ञ हौं भन्नेहरूको दृष्टिमा त्यो अनुत्तरदायी र नकारात्मकभन्दा बढ़ी नठहर्ला। स्पष्टताको सन्दर्भमा एक पाठकको कर्तव्य ठानी बराबर व्यक्त्याउँदै आएको छु-राजनैतिक

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रमा ध्रुवीकरणको प्रश्नलाई लिएर नै साहित्यमा पनि ध्रुवीकरणको बोध भैरहेको छ । स्वत नै यहाँको राजनीतिमा ध्रुवीकरण हुँदै आइरहेको छ, सबै आ-आफ्नो बाटोमा प्रष्ट र निर्भीक छन्. ध्रुवीकरण भन्नु नै यही हो । यसभन्दा भिन्न रूपले ध्रुवीकरण सशस्त्र क्रान्तिकालमा मात्र हुन्छ ।

आज प्रगतिशील नेपाली साहित्य संगठित निर्देशनमा निर्देशित छ यहाँ कुनै पनि किसिमको जटिलता छैन, या साहित्य कुनै पनि राजनैतिक नियन्त्रणमा रहन सक्तैन, यसमा ध्रुवीकरण. निराकरण र परिमार्जनको आवश्यकता छैन, नेपाली प्रगतिशील साहित्य निर्विकार छ र यो सम्पूर्ण छ । अतः ध्रुवीकरण. निराकरण, परिमार्जन र राजनैतिक नियन्त्रणको आवश्यकता छैन, यसले त यसको अस्तित्वलाई खलमल्याउँछ मात्र आदि भन्न सकिँदैन । यदी कसैको उपर्युक्त भनाई छ भने उ व्यक्तिवादको नरकमा नराम्ररी गाडिएको छ भन्न सकिन्छ । प्रगतिशीलताको बिल्ला भिरेर पूँजीवादी-बुर्जुवा व्यक्तित्वको विकाशको लागि परेकाहरू आफ्नो व्यक्तिवादी क्षुद्रस्वार्थानुकूल अझ बढी समयसम्म प्रगतिवादी क्याम्पमा अडिरहन ध्रुवीकरण, निराकरण र वैचारिक संघर्ष (छलफल) को औचित्यतालाई इन्कार्द छन् । वैचारिक संघर्षदेखि भाग्न र वैचारिक संघर्षलाई दबाउन प्रयत्नशील तत्व पनि प्रगतिवादी क्याम्पभित्र नभएका होइनन् । प्रगतिवाद, प्रगतिवाद भनेर उच्चस्वरमा नारा उराल्दै भित्र भित्र भने गलत राजनीति र परम्परा चाल्दै आइरहेंका

CC-0. In Public Domain. Digitization by eGangotri

सघ, संस्था र एकेडेमीका पदाधिकारीहरूको चाकड़ी र प्रशंसा गर्दै हिंड्नेहरूलाई खुला मञ्चमा नै आकलझूकल आफ्नो वास्तविकताको परिचय नदिएका पनि होइनन्। माथि उल्लेख गरिए झैं प्रगतिवादको त्रिल्ला भिरेर भित्र-भित्रै पूँजीवादी-बुर्जुवा व्यक्तित्वको विकासमा लागेका नै हुन वैचारिक संघर्षका विरोधीहरू। कारण वैचारिक संघर्षले नै उनीहरूको मृत्यु बोकेर ल्याएको हुन्छ। वैचारिक संघर्ष र स्वस्थ्य आलोचनाले छद्मभेषीहरूको अन्त गराउँछ। यदि वैचारिक संघर्षले छद्मभेषीहरूको अन्त नगराउँदो हो त ट्राटस्कीले महान् स्तालिन र सम्पूर्ण क्रान्तिकारी संगठनलाई कतिको धोका दिंदो हो। वैचारिक संघर्ष अर्थात् अन्तरविरोध परिमार्जन, परिस्कार तथा परिवर्तनको अति असल उपाय हो। बिना वैचारिक संघर्ष र अन्तरविरोध परिवर्तन असम्भव हुन्छ। "वस्तु भित्रको अन्तरविरोध विकाशको आधारभूत कारण हो" यस वास्तविकतालाई विसंनु हुन्न सही सिद्धान्त वारीहरू बीच वैचारिक संघर्ष नितान्त आवश्यक मानिन्छ। जसद्वारा सिद्धान्तले निर्विकाररूपमा विकसित हुने मौका पाउँछ। यसको अलावा वैचारिक सघर्षले विनाश गर्दछ तिनै अल्पसंख्यक छद्मभेषीहरूको। यी सबै वास्तविकताभन्दा टाढा रहेर प्रगतिशील (मार्क्सवादी-लेनिनवादी) साहित्यको निर्माण र अध्ययन अपूरो र अवरूद्ध हुन्छ। यता प्रगतिशील साहित्यभित्र चलिरहेको आलोचनात्मक प्रकृयालाई अनुत्तरदायी, ध्वंसात्मक र नकरात्मक संज्ञा दिने र हामी इतिहास लिएर आएका छौं अर्थात् प्रगतिशील

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यको इतिहास हामीबाट शुरू भएको छ, यस क्षेत्रका अग्रज नै हामी हौं र हामी नै वामपन्थी बुद्धिजीवी, हामीबाट गल्ती हुनै सक्तैन, भएकै छैन भनी रिसले चूर भएर फत्फताउनेहरू पनि यदाकदा देखापरेका छन्। व्यक्तिगत निहित गलत पक्षको विरूद्ध सचेत भएर कलम चलाउने या बोल्नेहरूले वितण्डावादी र विध्वंसकारीको संज्ञा जिनीहरूबाटै पाएका छन्। यहाँ साहित्य विवेचना-विश्लेषण र स्वस्थ्य आलोचना गर्नुको अर्थ भाँडुवा प्रवृत्तिको प्रतिपादन भनाई मात्रु हुन आएको छ। यहाँ यस निमित्त स्वस्थ आलोचना र आलोचकलाई अनेक शब्दमा गाली गरिन्छ, अनुत्तरदायी र गैर जिम्मेदार ठहऱ्याइन्छ कि निराश र पलायन भएर फेरि आलोचना गर्ने हिम्मत नगरोस्। यो कस्तो व्यर्थको दुष्प्रयास! कुन चाहीं त्यस्तो आलोचक-लेखक होला जो गाली र धम्कीदेखि तर्सिएर आफ्नो कलम रोक्ला? बरू गाली र धम्कीले उसको कलम बढी सशक्त बन्दै जाने छ। प्रगतिवादभित्र न गाली धम्कीले अवरोध ल्याउँछ, नत Dictatorship नै चल्दछ। यस सन्दर्भमा यहाँ आवश्यकभन्दा बढ़ी चर्चित "शान्ति सन्देश" बारे केही चर्चा गर्नु प्रासंगिक ठहर्दछ। प्रगतिशील साहित्यको पक्षपाती हुँ भन्नेहरू एक थरीबाट (म आफैबाट पनि) श्री गोविन्द भट्ट रचित "शान्ति सदेश" लघु काव्यको आधारभूमी र मूलभूत पक्षबारे प्रश्न उठाउँदै यसमा प्रगतिवादी विचारधाराको नाममा प्रतिक्रियावादी मतले पनि प्रश्रय पाएको छ भनि प्रमाणित गरेका छन्। अर्को थरि बाट

CC-0. In Public Domain. Digitization by eGangotri

(खासगरी टी. आर. विश्वकर्मा) तर्क र तथ्यभन्दा टाढा रहेर "शान्ति सन्देश" गोविन्द भट्टले रच्नु भएको हो, यसैले यो बेजोड प्रगतिवादी कीर्ति बन्न पुगेको छ, आलोच्य पक्ष केही छ भने त्यो हो यसको पात्र युधिष्ठिर, युधिष्ठिरलाई पात्र नलिएको भए हुन्थ्यो भन्दै 'शान्ति सन्देश" को Over Estimation भएको छ। "शान्ति सन्देश" माथि भएको स्वस्थ आलोचनालाई भट्टको चरित्र हत्या गर्ने नियोजित र पूर्वाग्रह पीड़ित दृष्टि-कोणको संज्ञा दिनु भएको छ। कुनै कीर्तिको स्वस्थ आलोचना गर्नु, विवादग्रस्त विषयमा विचार व्यक्त गर्नु आदि पूर्वाग्रह, अनुचरदायी र नकारात्मक दृष्टिकोण मानिन्छ या मानिदैन सच्चा प्रगतिवादीहरू सामू विचारणीय विषय हुन आएको छ।

"शान्ति सन्देश" को विषयमा होस् या अन्य विवादास्पद विषयमाथि कलम चलाउँदा आशीरवादको दुराकांक्षामा फसेर तर्क र तथ्यहीन, "शान्ति सन्देश" का रचयिता या अन्य कुनै व्यक्तिलाई सिद्धान्तभन्दा बाहिरबाट जबर्जस्त योग्य अग्रज साबित गरी आफू त्यसको योग्य अनुयायी बन्न खोज्नु सरासर प्रति-कृयावादी विचारलाई अगाल्नु हुनेछ। तर, सिद्धान्तको परिधिमा रहेर कीर्तिकार तथा आलोचक दुवैको गुण दोषको निश्पक्ष छानवीन गर्नु भने स्वागतयोग्य काम हो। पूर्णरूपमा खोट रहित नभए तापनि "शान्ति सन्देश" का बारेमा प्रकाशित प्रत्यालोचना ('सगरमाथा' सामयिक संकलन) स्वागत योग्य छ, किनभने आँखा चिम्लेर "शान्ति सन्देश" लाई दोषरहित छ भन्न

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेको छैन "शान्ति सन्देश" आज विवादको विषय बन्न आएको छ । "शान्ति सन्देश" बारे मेरो–"शान्ति सन्देश सामान्य विवेचना" (जातृनि वर्ष ५ अङ्क २१ र २२) श्री तीर्थ ज्यापुको 'प्रगतिशीलताको मुकुण्ड्रोभित्र लुकेको सच्चा रूप' ('दृष्टिकोण' सामयिक संकलन १) शीर्षकमा आलोचना प्रकाशित भएका छन् । यो अध्ययनको विषय हुन आएको छ, यदि कोही "शान्ति सन्देश" बेजोड प्रगतिशील कीर्ति हो भन्न समर्थ छ भन्ने उल्लेखित सबै शीर्षकका आलोचना, प्रत्यालोचना "शान्ति सन्देश" पढोस् र तर्कपूर्ण एक-एक बुँदाको जवाफ देओस्, सिद्धान्ततः पाठक तथा आलोचकहरूको चित्त बुझाओस् त्यो स्वागतयोग्य हुन आउने छ । टी. आर. ज्यू बराबर "शान्ति सन्देश" को प्रश्न उठाउनु हुन्छ र यस सम्बन्धमा प्रकाशित आलोचनालाई पूर्वाग्रह पीड़ित र भट्टको चरित्रहत्या गर्नै नियोजित दृष्टिकोण भन्नु हुन्छ । तर, उहाँको उपर्युक्त भनाई युक्ति र तर्क संगत आलोचना होइन, केवल गैर जिम्मेवारी र अनुत्तरदायी बढ्याई हो । "शान्ति सन्देश" को अतिरिक्त श्री भट्ट लिखित 'बर्टेण्ड रसेल', 'बुद्ध दर्शनका केही प्रगतिवादी पक्षहरू' आदि लेखकहरूको पनि आलोचना प्रकाशित भएका छन् र भट्ज्यूमा मौजूद अप्रगतिवादी विचारधाराको उल्लेख भएका छन्, यो पनि छान्वीनको विषय हो ।

टी. आर. विश्वकर्माज्यूको "संयुक्तमोर्चा, राजनीति र रण-नीति जस्ता कुराहरू पनि साहित्यकार र लेखको संगठनात्मक सवालभित्र पर्दछ कि पर्दैन ?" भन्ने प्रश्नको उत्तर दिनुभन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले उहाँसंग म के कुरो सोध्न चाहन्छु भने-राजनीति, साहित्य र राजनीतिज्ञ, साहित्यकार आपस्तमा कति सम्बन्ध राख्तछन् ! एउटा साहित्यकार राजनीतिज्ञ हुन् जरूरी छ या छैन ? यदि छैन भने कसरी र छ भने राजनीति र रणनीति जस्ता कुराहरू साहित्यकार र लेखकको संगठनात्मक सवालभित्र किन पर्दैन ? म यसो भन्दछु-प्रत्येक क्रान्तिकारी योद्धा लेखक बन्नै पर्छ भन्ने कुनै अनिवार्यता छैन तर प्रत्येक लेखक चाहिं क्रान्तिकारी योद्धा बन्नै पर्छ । तब नै साँचो अर्थमा प्रगतिशील क्रान्तिकारी जन-साहित्यको सृजना हुन्छ; समाज बदलिन्छ; जनवादी आन्दोलनले तीव्रता प्राप्त गर्दछ र पछि सफलता पनि । पत्रकार, कलाकार र साहित्यकार मात्र भएर पुग्दैन; प्रत्येक मान्छे क्रान्तिकारी वीर योद्धा बन्नै पर्दछ । यसको लागि कोठामा बसेर सर्वहारावादी अधिनायकत्वको कल्पना गर्नु र नारा उराल्नु प्रगतिशीलता ठहर्दैन ।

साहित्यमा ध्रुवीकरणको आवश्यकतालाई इन्कार्ने श्री विश्वकर्मा यस भनाइको समर्थन गर्नु हुन्छ–'ऐले चल्न लागेको ध्रुवीकरण आन्दोलनले स्वस्थ रूप लिनु पर्छ' (वासुदेव शर्मा) यसबाट बुझिन्छ विश्वकर्माज्यू आफैमा प्रष्ट हुनु हुन्न । कारण वासुदेव शर्माज्यूले उपर्युक्त पंक्तिमा ध्रुवीकरणको आवश्यकतालाई स्वीकार्नु भएको छ, फरक यत्ति नै छ कि ध्रुवीकरणको वर्तमान आन्दोलन त्यति स्वस्थ छैन जति हुनु पर्दछ । ऐले चल्न लागेको ध्रुवीकरण आन्दोलनले स्वस्थ रूप लिनु पर्दछ भन्नुको मतलब ध्रुवीकरणको आवश्यकतालाई स्वीकार्नु हो र यस स्वीकारोक्तिको

CC-0. In Public Domain. Digitization by eGangotri

एकातिर समर्थन गर्दै अर्कातिर ध्रुवीकरणको आवश्यकता छैन भन्नु विश्वकर्माज्यूको अस्पष्ट विचारको प्रतीक हो।

प्रगतिशील साहित्य कुनै पनि मनचिन्ते, कल्पित साहित्य होइन, यथार्थता र वस्तुगत तथ्यमा आधारित जन–आवाज हो। अतः प्रगतिशील साहित्यको रचना, अध्ययन र आलोचना सजनात्मक रूपमा गरिनु पर्दछ, लेखाई र गराई (व्यवहार) मा तादात्म्यता हुनु पर्दछ र सामाजिक स्थितिमा परिवर्तन ल्याउने काममा यसको प्रयोग हुनु पर्दछ। प्रगतिवादी साहित्यका पक्ष-पातीहरू हामी यसो भन्दछौं र यही अनुरूप हाम्रो व्यवहार भएमा मात्र हामीबाट प्रगतिवादी पिढीको विकास र विजयमा योगदान पुग्ने छ, अन्यथा हाम्रो जनसेवा गर्छौं भन्ने नारा निस्काम ठहर्नें छ हामी पंगु बन्ने छौं। यस्तै अर्थमा प्रेषित श्री शक्ति लंसालको "शंका छ नेपालमा पनि वांमपथी बुद्धि-जिवीहरू पनि छन् भन्ने कुरामा, कथमदाचित यहाँ वामपंथी बुद्धिजिवीहरू छन् भने पनि तिनीहरूको चरित्र, क्रिया-कलाप एवं चिन्तनका कार्यहरू वहुसंख्यक रूपमा प्रतिक्रियावादी, औसर-वादी, ढुलमूल र गैर बुद्धिजीवीको छ।" भन्ने भनाइसंग श्री टी. आर. विश्वकर्माको असहमति देख्दा अचम्म लाग्छ जे। होस्, यस अचम्मलाई यहीं छोडेर हामीलाई आवश्यक साहित्यबारे केही चर्चा गरौं–आज हामीलाई त्यस्तो साहित्य चाहिएको छ जसले शोषण र उत्पीडनमा पिल्सिएका मेहनतकश र शोषितवर्गको चिन्तनशक्ति तथा उनीहरूको विचारमा आमूल परिवर्तन ल्याओस्

CC-0. In Public Domain. Digitization by eGangotri

र वर्गीय राजनैतिक चेतनाको प्रचार होस्, विस्तार होस् र अर्कोतिर त्यहीं साहित्यको अध्ययन प्रतिफल सहजै समाजको सही विश्लेषण गर्न सकियोस्। यस अनुरूप साहित्य सीर्जनामा लागेका हामीहरू राजनैतिक विचारधारामा प्रष्ट हुनु र सिद्धा-रूपको व्यवहारमा लाग्नु जरूरी छ। यहाँ जुलियस फुथिक, प्रेमचन्द्र, देवकोटा, हृदयचन्द्र आदिको दिशाहीन प्रगतिशील साहित्य होइन लुस्युन, गोर्कि आदिको मार्क्सवादी लेनिनवादी प्रगतिशील साहित्यको खाँचो छ। यसर्थः हाम्रो साहित्यमा निराकरण; परिमार्जन; ध्रुवीकरणको आवश्यकता छ, आदर्शवादी, सुधारवादी, अस्तित्ववादी, तटस्थतावादी, औसरवादी, प्रतिक्रिया-वादी सबै प्रकारको साहित्यलाई संगसंगै बढाउन सकिंदैन, भोलिका अवश्यंभावी प्रतिक्रियावादी एकेडेमिशियनलाई आज प्रगतिवादी-क्रान्तिकारी भनेर पूजा गर्न सकिन्न। उदाहरणको लागि आदर्शवाद नै लिऊ-सामान्यतः आदर्शवादी साहित्य यति अनुप-युक्तमैं देखिंदैन, यसो भनेर उदारवादी बनेर आदर्शवादलाई छुटदिन सकिन्न, जसले भोलि गएर प्रगतिवादी आन्दोलनलाई नै अस्तित्वहीन गराउँदछ। आज हाम्रो साहित्यमा आदर्शवादी दर्शनमा चेप्टिन पुगेकाहरूको संख्या पनि कम छैन. सतप्रतिशत नभए पनि २-४ प्रतिशत आदर्शवादी साहित्यले हामीलाई सघाउ पुगेको छ भनेर चूप रहन सकिंदैन। किनभने यथार्थमा एउटा आदर्शवादीले कहिल्यै पनि सर्वहारावर्गको सेवा गर्न सक्दैन उ त केवल प्रगतिको दुस्मन र प्रतिक्रियावादीहरूको सेवक हो। यसको

CC-0. In Public Domain. Digitization by eGangotri

ठीक उल्टो प्रगतिवादी दर्शनमा पूर्णत आधारित हुन्छ र यो आदर्शवादी समन्वयात्मकताको शत्रु हो। यो एक उदाहरण मात्र हो अस्तित्ववाद, सुधारवाद, उदारवाद जस्ता अनेक तत्वहरू पनि छन् जो सामान्य दृष्टिपातमा प्रगतिवादी भैं गोचर हुन्छ ता पनि यथार्थमा प्रगतिवादको शत्रु नै हो। यि आदि सैद्धान्तिक दृष्टिकोणमा यहाँ स्पष्टताको अत्यन्त खाँचो छ। अनेक रंग-रोगनले सिंगारिएर प्रगतिवादको निर्मूल गर्न प्रगतिवादी क्याम्प भित्र घुस्न आएकाहरूलाई सधैंका लागि एकातिर पन्छाएर प्रगतिवादीहरू आफ्नो उद्देश्य पूर्तिको लागि वैचारिकरूपले एकत्रित हुने वेला भै सकेको छ, यसै अर्थमा यहाँ ध्रुवीकरणको आवश्यकता महशुस गरिएको हो। सिद्धान्तभन्दा टाढा रहेर तर्क र तथ्यहीन पारस्परिक झगड़ा र आरोपले हामीलाई सत्यबोध हुन सक्दैन र निर्दिष्ट लक्ष्यसम्म पुग्न सकिने छैन। तब नै मात्र हामी सत्यको नजीक पुग्ने छौं, जब अहंता र डिक्टेटरसीपलाई छोडेर आफूलाई केन्द्रित हेर्ने प्रवृत्तिको स्वागत गर्दछौं।

('निर्माण' बाट)

卐卐卐

CC-0. In Public Domain. Digitization by eGangotri

'साहित्यमा विद्रोहात्मकता'

प्रगतिशील साहित्य (Marxist-Leninist Literature) को सम्बन्धमा यता अनेक विवाद चलिरहेछ, कस्तो साहित्यलाई प्रगतिशील भन्ने अनि कस्तो चाहिंलाई अप्रगतिशील ? यस सवालको प्रयाप्त जवाफयुक्त अनेक आलोचनात्मक रचना हामी समक्ष देखापरिरहेछ । यसो हुंदा हुँदै पनि फेरि एकपल्ट 'साहित्यमा विद्रोहात्मकता'. विषयलाई लिएर संक्षिप्तमा नै भए पनि छलफल गर्नु आवस्यक ठानेको छु । यो नलाञ्छना पत्र हो न त निर्देशन पत्र नै, यो त यस लेखकले महशुस गरेको आवश्यकता (वा विवाद) पूर्ति खातिर लेखिंदै छ । जस्ले प्रगतिवादीप्रति आस्था राखेर पनि प्रगतिवादको नाममा देखापरेका अनेक 'वाद' को भूल्भूलैयामा आफूलाई निराश बनाएको छ वा निराशावस्थामा पारेको छ-आशा छ उस्लाई यसले सहीबाटो पहिल्याउन सघाउ पुऱ्याओस् ।

नेपालमा मात्र नभएर भरविश्वमा आज दुई भिन्न साहित्यधारा चलिरहेछ - १) थिचाहा-मिचाहाहरूको वर्ग साहित्य र, २) थिचिने-मिचिनेहरूको गैर साहित्य । यी दुई भिन्न साहित्यमा

CC-0. In Public Domain. Digitization by eGangotri

दोश्रो खाले साहित्यले जनताको पक्षमा, जनताको हक र हितका लागि समूचित बहस गरिरहेछ र परिणाममा आएर व्यापकता हाँसिल गर्दै प्रगतिशील जनमतको सिर्जना गरिररहेंको छ, कारण यसखाले साहित्यमा सिर्जना शक्ति (Creativity) प्रचुर मात्रामा छ। पहिलो खाले साहित्य चाहिं मुठ्ठिभर शोषक सामन्तको चुसाहा नीति अनुकूल चल्दै, सोही नीतिको दलाल गर्ने भएकोले दिनपरदिन यसले आफ्नो अस्तित्व गुमाउँदै गैरहेको छ। पूँजीवादी-सामन्तवादी कवि लेखकहरूको शास्त्रीय परिभाषा अनुसार साहित्यलाई ऐस–आराम र मनोरञ्जनको साधन मान्दछन्। तर, प्रगतिवादी कवि लेखकहरू अथवा द्वन्दात्मक भौतिकवादी दृष्टिकोण अनुसार साहित्यलाई राष्ट्र निर्माणको लागि प्रयोग गरिने उपयोगी साधनमध्यको एक मान्दछन् र परम्परागत अन्याय-अत्याचार, लुटपीट र अन्धविश्वासद्वारा ग्रसित आम मेहनतकश जनताको विचार-दृष्टिकोण फेर्ने काममा साहित्यले पनि विशेष भूमिका राख्दछ-यो यसैको लागि प्रयोग गर्न पर्दछ भन्दछौं। वास्तवमा यस सोचाइले लोकप्रियता र सार्थकता हासिल गर्दै आइरहेछ। साहित्य, कला र राजनीतिलाई यस-आराम र मनोरञ्जनको साधान मान्न सकिंदैन र यिनलाई एक आर्कोबाट अलग्याउन पनि सकिंदैन। साहित्य, कला, राजनीति र जीवन आपस्तमा अमेट नाता राख्तछन-शत्रुता होइन। अतः वर्तमान नेपाली प्रगतिशील साहित्य पूँजिवाद-सामन्तवाद, प्रतिकृयावाद, विस्तारवाद, सैन्यवाद, सामाजिक साम्राज्यवाद र यस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

मानवतावाद, अस्तित्ववाद, आदर्शवाद, उदारवाद आदिबाट मुक्तरही विद्रोहात्मक मूल बाटोमा लम्किनु नै युगबोधीयता वा समय सापेक्षता मानिन्छ । निर्वीवादरूपमा आजको साहित्य न्यायोचित विद्रोहको पक्षमा कार्यात्मक विद्रोह (Revolution) लाई दुर्काउन र सफलता दिन सक्षम बन्न सक्नु पर्दछ । संक्षिप्त मा यसो भनौं–प्रगतिशील साहित्यले न्यायको पक्षमा रही अन्यायको विरूद्ध Revolt गर्न समर्थ पिंढी (Generation) को प्रतिनिधित्व र मार्गदर्शन गर्नु पर्दछ । विद्रोहको नाममा बेलुन उडाउने, ध्याम्पो फोड्ने वा पटका पडकाइने मात्र नभएर परम्परागत रीति-थिति, अन्याय-अत्याचार, लुट-पीट र आधुनिकताको नाममा प्रचलित कानूनी शोषण, प्रशासनिक अराजकता र अन्य प्रकारको भ्रष्टताको विरोधमा खडा वास्तविकतासंग सम्बन्धित विद्रोहलाई विद्रोह मान्नु पर्दछ, अन्यायोचित आवेशपूर्ण उग्रता र भावनात्मता मात्र होइन ।

प्रगतिशील साहित्यको तीव्रतर उन्नती प्रगति र परिस्कार पूँजीवादी–सामन्तवादी अनुपयोगी साहित्य ढल्दै गैरहेंछ, ढल्ने छ, बल्ने छ, खरानी बनेर उड्ने छ-शंका छैन । तर, प्रगतिवादी साहित्य जगतका अनेक आपसी अमेंलता देखा परिरहेंछ । यो यसो भनौं–असंगठितावस्थाका प्रगतिवादी साहित्यकारहरूमध्ये कतिपय व्यक्ति द्वन्दात्मक भौतिकवादी सिद्धान्तबाट चिप्लिएर आदर्शवादी तथा मौकावादी बाटो अपनाउँदै एक–अर्कामा हिलो छ्यापा-छ्यापा गर्दै आफूमाथि उठ्ने दुस्प्रयास गरिरहेंछन,

CC-0. In Public Domain. Digitization by eGangotri

प्रगतिवादभित्र आएर पनि प्रगतिवादको महानतासंग घनिष्टता राख्न भुल्दै पूरानियाको नाममा अनुभवको रवाफ र सर्वाधिकारीको अहं मुताबिक कलम चलाउने आदि भ्रष्ट काम पान भैरहेछ (यो काम सबैबाट होइन)। प्रगतिवादको पक्षपाती हुँ भन्दाभन्दै पनि केही लेखक–कवि र आलोचकहरू नराम्रोसंग व्यक्तिवादको नरकमा गाड्दिन पुगेका छन् र सबैको आँखाको नानी बन्ने मृगतृष्णा बोकेर भूस, कनिका, बियाँ, ढुटो, पत्रटा आदि सबैलाई मिनुवा चामलको श्रेणीमा राख्ने जस्तो गल्ती गर्दछन्। यसको कारणमा यो भन्नु अयुक्तिसंगत नठहर्ला— प्रगतिवादी भनाउदा नै नीचताको शिकार बन्दै कलम चलाइरहने आजका केही साहित्यिकहरूमा कोरा भावनात्मक विद्रोहले साम्राज्य जमाइरहेको छ। हामीले के कुरालाई खुलस्त बुझनु परेको छ भने हामीभित्र विद्रोह भएर पनि विस्फोट हुन सकेन वा अन्यायोचित रूपमा विस्फोट भयो भने त्यो विद्रोह सही विद्रोह होइन। भावनात्मक विद्रोहलाई विद्रोह नमान्न सकिन्छ, कारण भावनात्मक विद्रोहले वास्तविक रूपमा परिवर्तन ल्याउन सक्तैन। भावनात्मक विद्रोहमा सिर्जित साहित्यले मित्र पक्षलाई संगठित हुने मौका दिनुभन्दा बढी शत्रु पक्षलाई सचेत हुने मौका दिन्छ। रोग, भोक, अज्ञान–अशिक्षा र अमानुषिक दमन शोषणले साम्राज्य कायम गरेको जुनसुकै पनि समाजमा मात्र 'कोरा भावनात्मक विद्रोहले' परिवर्तन ल्याउन सक्तैन, वरु चाहिंतभन्दा बढी प्रचारित हाम्रो भावनात्मक विद्रोहले माथि भने झैं शत्रु पक्षलाई विस्फाउने हुनाले हाम्रो परिवर्तनार्थ कदमलाई रोक्ने धेरै सम्भावना

दान 200499

CC-0. In Public Domain. Digitization by eGangotri

छ। बाह्य आवरणको फेराईको प्रतिफल प्रस्फुटित विद्रोहलाई 'भाव-नात्मक विद्रोह' भन्न सकिन्छ र बाह्य एवं आन्तरिक (पूर्ण फेराई) फेराईको प्रतिफल प्रस्फुटित विद्रोहात्मक साहित्यले कार्यात्मक विद्रोहलाई जन्माउन सक्तछ र हुर्काउन पनि। बाह्य होहल्लाले प्रायः अजका शिक्षितवर्गलाई फेर्ने काम गर्दछ, तर बाह्य होहल्लाद्वारा फेरिएको फेराई बाह्य रूपमा नै सीमित रहन्छ र आन्तरिक कार्य-सामिलामा उसद्वारा आशा नराख्न सकिन्छ। बाह्य होहल्लाद्वारा परिवर्तित एउटा व्यक्ति खूब चिच्याउन सक्तछ, परम्परागत रीति-रिवाजको विरोध गर्छ, अन्याय-अत्याचारप्रति घृणा गर्छ, धावा बोल्छ, क्रान्तिको अनुमोदन गर्छ। तर, स्वयं उ पूर्णरूपेण फेरिएको हुँदैन। फलतः उसको विरोध र चिच्याईको कारण सामन्तवर्ग नास भएर जाँदैन। उल्टो जागरुक बन्दछ र उसका कार्यकलापप्रति बाधा पुऱ्याउने षड्यन्त्र रच्न थाल्दछ, यसबाट प्रगतिवादी बनेको (बाह्य होहल्लाद्वारा) त्यो व्यक्तिको व्यक्तिगत हितका कुरोहरूमा बाधा पुग्छ र उ निराशिन थाल्दछ र अन्तमा आत्मसमर्पण गर्न पुग्दछ। सामन्तवर्गको सम्मुख 'त्वं शरणम्' भन्न पुग्दछ। यसरी बाहिरी वातावरणले उसलाई केही समयको लागि फेरे तापनि उसभित्रको सामन्तीवर्ग मूलक छापले उसलाई खूब चिमोटिरहेकै हुन्छ। जसले आफूभित्रको शत्रुवर्गीय छापसंग निरन्तर संघर्ष गरिरहन्छ उसले नै जनताको लागि अवश्य केही गर्न सक्तछ। तर, जसले आफूभित्रको निचतासंग संघर्ष जारी राख्न सकेको हुँदैन, जब मध्यम वा उच्च मध्यमवर्गबाट प्रगतिवादी लेखक हुन आएको र पूँजीवादी शिक्षा

CC-0. In Public Domain. Digitization by eGangotri

हासिल गरेको हुनाले उसभित्रको पूँजिवादी बुद्धिजीवीय चेतना ले भन्न थालदछ – "Eat, drink and be merry. Because tomorrow you will die". अन्ततः जनताको सेवा गर्ने महानताबाट उ टाढिन पुग्दछ। यस उसले यदि कुनै व्यक्ति वाह्य होहल्ला वा कोरा भावनात्मक विद्रोहको दास नबनी भित्रैदेखि फेरिन चाहन्छ र साँच्चै सुखमय संसारको आशा गर्दछ भने योजनानुरूप चल्नु पर्दछ र डटेर उसले पहिले आफूभित्रको नियतीसंग संघर्ष गरी विजय हासिल गर्न सक्नु पर्दछ। वाह्य होहल्लाबाट प्रभावित र परिवर्तित व्यक्ति सामान्य आपत–विपतबाट पनि तर्सिएर भाग्न सक्तछ र भन्न सक्तछ 'जीवनको सहारा रोजिसके भैले मदिरा।' तर, भित्रैदेखि फेरिएको व्यक्ति आवेशमा भ्वाट्ट केही गर्दैन— जीवन र जगतको परिभाषातिर घोत्लिन लगाउँछ, द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तले। वाह्य तथा आन्तरिक फेराई बीचको भिन्नतालाइ बुझ्न लुस्यूनले भन्नु भएको यस भनाइमा गैरिन आवश्यक ठानिन्छ— "एक जनाले पुरानो समाजलाई घृणा गर्न सक्तछ तर सबै कुरा घृणा मात्रै हो— उसंग भविष्यको कुनै विचारै छैन, उ सामाजिक सुधारको लागि चिच्याउन सक्तछ, तर, उसंग तपाईंले करतो खालको समाज चाहिन्छ भनी सोध्नु भयो भने यो कुनै नबुझिने मृगतृष्णा हुन्छ।" वाह्य र आन्तरिक फेराईको चर्चाक्रममा उद्धृत माथिको (लुस्यूनको) भनाइले हामीलाई भित्रैदेखि फेरिन र योजना अनुरूप सही ढङ्गले चिच्याउन शिक्षा दिन्छ। आन्तरिक शक्ति बिनाको वाह्य उफ्रयाईले साँच्चै हामीलाई पछि तान्ने काम गर्दछ। तर,

CC-0. In Public Domain. Digitization by eGangotri

हामी भने गलत ढङ्गले अगि बढिरहेको महशूस गर्दछौं। यो यस किसिमको अप्रगतिवादी र भ्रामक छ। मलाई होस् या तपाईंलाई अन्याय अत्याचार असह्य हुन्छ, हामीभित्र त्यसप्रति घृणा जाग्दछ, घृणा मात्र बढ्दै जाँदा विद्रोहको रूपमा परिणत हुन्छ, अनि हाम्रो रगत उम्लिन थाल्दछ। त्यस वेला हामी शिक्षितवर्गका र बाह्य फेराईका मात्र भएकाले झटपट कलम समाउन पुग्छौं र कथा; कविता-लेखादि मार्फत अन्यायी अत्याचारीलाई आक्रमण गर्दछौं—'अन्यायी अत्याचारी नास्छौं-नास्छौं, उठ जाग ए भोका-नाङ्गा-हरूहो, हक र हितका लागि उठौं, राखौं अब लौ मानवताको शान।' आदि भनेर कर्तव्य पुरा गरेको धाक लगाउँछौं, किसानवर्गलाई बिम्झाएको गर्व गर्छौं। यसभन्दा बढी अझ आलोचक भनाउदा प्रशंसकहरूले हाम्रो कोरा फलाकोलाई क्रान्तिकारिताको संज्ञा दिंदा अझ फुल्छौं। वास्तवमा हाम्रो कोरा फलाको र शाब्दिक आक्रमणले न सामन्तवर्गको अन्त हुन्छ न त मेहनतकश जनताको जीत। यदि अन्याय अत्याचार (सामन्ती शासन) प्रति हामीभित्र भएको विद्रोह मुताबिक सिद्धान्ततः वर्ग विश्लेषण गर्नुको अतिरिक्त योजना अनुरूप मेहनतकश जनतालाई बिम्झाउने ठोस काम गर्न सकेको भए समाजले आज अर्कै रूप लिने थियो। तर, हामीभित्रको विद्रोहले वर्ग विश्लेषण बिना आवेशमा कविता, कथा लेखादिको मात्र रूप लिएकोले समाज एक इञ्च अघि बढ्न सकेको छैन। हामी भने आपतको भुँमरीमा छटपटिरहेका छौं। यसो नभएर माथि भने झैं हामी भित्रैदेखि फेरिएको भए हामीभित्रको विद्रोहले कविता, कथा,

CC-0. In Public Domain. Digitization by eGangotri

लेखादि मात्रको रूप नलिएर कार्यात्मक विद्रोहको रूप लिन सक्ने थियो र न्यायोचित संघर्ष शुरु हुन्थ्यो– तदनुसारको साहित्य पनि र त्यसै साहित्यलाई हामी निर्धक्क भएर भन्न सक्थ्यौं— 'विद्रोहात्मक साहित्य ।' यहाँ यसो हुन नसकी धेरै साथीहरू भित्रैदेखि फेर्निने प्रयासनामन्दा बाह्य हौहल्लामा सन्तोष लिदै 'साहित्यिक वीर'— (Literary hero) बन्ने प्रयत्नमा तल्लीन रहेकोले विद्रोह–विद्रोहको लागि साबित भैरहेंको छ— विद्रोह परिवर्तनका लागि नभएर । विद्रोहात्मक (भावनात्मक) साहित्यलाई बिल्कूल अनुपयोगी सिद्ध गर्न यहाँ यो लेखक तम्सिरहेको छैन । साहित्य दुइ भिन्ने विद्रोह-द्वारा जन्मिन्छ— १) भावनात्मक विद्रोहद्वारा र २) कार्यात्मक विद्रोहद्वारा । शुरु शुरुमा भावनात्मक विद्रोह नै पनि खाँचो पर्दो हुन्छ र भावनात्मक विद्रोहद्वारा सिर्जित साहित्यले पनिले विद्रोहलाई बढाउन सघाउ पुऱ्याउँछ । तर जति जति समाजमा सही चेतनाको प्रचार तथा प्रसार बढ्दै जान्छ त्यति नै कार्यात्मक विद्रोह र सोद्वारा सिर्जित साहित्यको खाँचो पर्दछ । आजको नेपालमा कार्यात्मक विद्रोहको खाँचो छ ।

साहित्यबारेमा छलफल गर्दा हामीले के कुरोलाई पटक्कै बिर्सनु हुँदैन भने— "हाम्रो साहित्य र कलाले लाखौं करोडौं श्रमिक जनताको सेवा गर्नु पर्दछ । साहित्य र कला सम्पूर्ण क्रान्ति-कारी यन्त्रका दाँती र पेचकिला हुन् (लेनिन) ।" अतः साहित्य मुट्ठीभर शोषक–सामन्तको लागि रचिंदैन, शोषित सर्वहारावर्गको लागि रचिन्छ । यसपछि हामीले के पनि बुझनु पर्दछ भने जसको

CC-0. In Public Domain. Digitization by eGangotri

हितलाई ध्यानमा राखी हामी कलम चलाउँछौं, उसको अवस्था कस्तो छ? यस सवालप्रति एकक्षण समय खर्च गरी हेर्दा यो प्रष्ट हुन्छ कि हाम्रा आम शोषित-सर्वहारावर्ग बढी प्रतिशत निरक्षर भएकाले केवल हाम्रो साहित्यिक हुडहुड्याइले यिनीहरूलाई विम्झाउन सकिँदैन। अतः पहिलो काम जनताको शैक्षिक स्तर उकास्नु नै हाम्रो कर्तव्य सावित हुन्छ। लुस्यून भन्नु हुन्छ— "राम्रा फूल र रूखहरू चाहन्छौं भने हामीहरूले पहिले राम्रो माटोको सिर्जना गर्नु पर्छ। सॉच्चै माटो नै रूखहरू र फूलहरूभन्दा बढ्ता महत्वको कुरा हो।" हाम्रो मतलब राम्रा रूख र फूलहरू साहित्य र साहित्यकार हुन र माटो चाहिं जनता। यसकारण राम्रो साहित्यका लागि पहिले जनतालाई विम्झाउनु पर्दछ। यस सन्दर्भमा लुस्यूनको यस तथ्यलाई पनि नबिर्सिऊ— उहाँ भन्नु हुन्छ— "पहिलो कुरो हामीहरूले पुरानो पद्धति र शक्तिहरूको विरुद्ध हथ नछोड़ी निरन्तर संघर्ष गर्नै पर्छ र हाम्रो शक्तिलाई सबभन्दा राम्ररी प्रयोग गर्नै पर्छ। पुरानो समाजको जरा गैरिएर गाडिएको छ र हाम्रो नयाँ संघर्ष बढ्ता बलियो नहुञ्जेल हामीहरूले यसलाई हल्लाउन सक्तैनौं।" हो हामीहरूले हाम्रो पाठकहरू हेरेर मात्र र आफ्नो शक्ति पहिचानेर मात्र आफ्नो साहित्यलाई प्रचारमा ल्याउनु पर्छ। हामी सामन्ती समाजको विरोध गर्दछौं, सॉच्चै सामन्तहरूको मुटु नै छेड्ने गरी व्यङ्ग हान्छौं, नयाँ जनवादी व्यवस्थाको लागि क्रान्तिको नारा उराल्छौं तर, यसो गर्नु अघि हाम्रो शक्तिवारे अहं विचार गर्दैनौं जसबाट हामीलाई फाइदा कम र बढी वेफाइदा भैरहेछ। साथै

CC-0. In Public Domain. Digitization by eGangotri

लेखेर नै क्रान्तिको आदि र अन्त हुन्छ, श्रमिकवर्गले आफ्नो राजनीतिलाई बुझ्दछ भन्ने भावनाको यता बढी प्रचार र विकास भैरहेको छ। "राजनीति पहिले आउँछ अनि त्यस अनुसार कला चल्छ।" भन्ने सत्यलाई चटक्कै छोडेर "पहिले कला चल्छ अनि त्यस अनुसार राजनीति" भने झैं हास्रो व्यवहार भैरहेछ। हुँदा हुँदा पूँजीवादी सामन्तवादी साहित्यकारहरूको लहै-लहैमा लागेर प्रगतिवादी हुं भन्नेहरूमध्येबाट कतिपय लेखकहरू लेखनकलालाई व्यवसायको रूपमा अँगाल्न पाउन चिच्याइरहेका छन्।

अन्तमा, प्रगतिवादी साहित्यिक आन्दोलन पूँजीवादी सामन्तवादी साहित्यलाई सताउने, हराउने काममा मात्र प्रयोग नगरी जनताको परम्परागत दृष्टिलाई सही ढङ्गबाट फेर्दै जनवादी आन्दोलन बढाउन समेत उपयोगी साबित गराउनु छ। यसर्थ हामी प्रगतिवादी कवि लेखक र आलोचकहरूले भावनात्मक विद्रोहमा मात्र सन्तोष नलिएर कार्यात्मक विद्रोहमा समेत हुनु छ। जनताको हक र हितलाई सुरक्षित राख्न कोरा भावनात्मक साहित्य नै निर्णायक साधन वा तत्व होइन, निर्णायक साधन वा तत्व त कार्यात्मक विद्रोहद्वारा सिर्जित साहित्य नै हो— साँचो अर्थमा प्रगतिशील साहित्य यसैलाई भनिन्छ। ऋणु०।

(०२८७२) मा रचना, ०२६।३।७ मा नेपाल साहित्यिक पत्रकार समितिको आयोजनामा रत्न लक्ष्मी राज्य गर्ल्स कलेजमा आयोजित विचार गोष्ठीमा प्रवचन)

卐卐卐

CC-0. In Public Domain. Digitization by eGangotri

'एउटा अनिवार्य आवश्यकता'

नेपाली साहित्य क्षेत्रमा प्रगतिशीलताले स्वयम् योग्यायोग्य भएर आफ्नो महत्वपूर्ण भूमिका तयार गर्दै आएकोमा नेपाली प्रगतिशील लेखकवर्ग अवश्य उत्साहित छ— कुनै शंका छैन। वर्तमान प्रगतिशील नेपाली साहित्यको गतिविधिलाई लिएर भन्नु पर्दा प्रगति विरोधी, यौनवादी, निराशवादी, प्रतिक्रियावादी तथा सम्पूर्ण सामन्तवादी, व्यक्तिवादी लेखक भनाउँदाहरू हरक्षेत्रमा असफल हुँदै गैरहेछन् भन्दा अयथार्थ निश्चय नै ठहर्दैन, यथार्थ नै यस्तो छ। यसो भनेर प्रगतिशील जन-साहित्य, क्रान्तिकारी साहित्य तथा यथार्थवादी साहित्य सुसम्पन्न छ र यसको प्रचार तथा प्रसार उचित ढङ्गले प्रचुर मात्रामा भैरहेछ भन्नु गलत ठहर्छ। प्रगतिशीलताको नाममा आज छिचिमिरा निस्के झैं हुर्दुर्ती असंख्य रूपमा लेखुवाहरू निस्किरहेछन्। अतः हुर्दुर्तीं गनीनसक्नु गतिमा निस्किरहेका लेखुवाहरू सैद्धान्तिक रूपमा दरिला र भरिला लेखक हुन् या होइनन् यो कुरो छानविन गर्नु खाँचो पर्दो विषय भएको छ। धेरै लेखकहरूले अनुभव गरेको हुनु पर्दछ कि प्रगतिवादी हौं भन्नेहरू मध्ये कतिले त प्रगतिशील शब्दलाई छाँट (Fashion) को रूपमा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गरिरहेंछन्। निकटतामा रहेंका कतिपय लेखकहरूले एक अर्काको दैनिक कार्यवाहीलाई निहाल्न पुग्दा कतिपय लेखक पूर्ण-रुपले व्यक्तिवादको साँघुरो र दुर्गन्धी घेराभित्र सीमित रहेका हुंन्छन्, जब नामको भोक प्रशंसा बटुल्ने प्यासले अत्तालिन्छन्, व्यक्तिवाद-रुपी कब्रान्सरले सताउन थाल्छ तब कलम र कापी लिएर व्यक्ति-वादीतावाट विस्तारै प्रगतिशीलता अर्थात सामूहिकतातिर उक्लन थाल्छन्, धर्तीवाट अन्तरिक्ष जाँदै गरेको रकेट झैं। अझ छोटो शब्दमा भन्ने हो भने प्रगतिशीलताको नामना कतिपय लेखक भनाउँदाहरूले नामको विज्ञापन गर्ने भोक र प्रशंसा बटुल्ने प्यास मेट्न कलम चलाइरहेका छन् र यसैलाई पनि मात्र रचनाको सर्सर्ती अध्ययनमा हामीमध्येका केही समीक्षकहरू युग बोधको संज्ञा दिन्छन्, क्रान्तिकारिताको तक्मा भिराईदिन्छन्, जन-साहित्यको संज्ञा दिन्छन्। यसर्थः 'म प्रगतिवादी साहित्यकार हुँ' भनेर कुलिँरहेका गनिनसक्नु लेखुवाहरूलाई प्रगतिशीलताको सच्चा कसौटीमा घोटेर स्वीकार्न र इन्कार्न "प्रगतिशील लेखक संघ" को अत्यावश्यक परेको छ, यो अनिवार्य विषय हो 'प्रगतिशील लेखक संघ' वर्तमान नेपाल सहर्ष अपेक्षा गर्दछ, यो व्यक्तीय भनाइ नभएर सिंगै नेपालको आवश्यकता हो। लेखक संघ किन, कस्तो आदि प्रश्नवाचक समस्याका लागि संक्षिप्तमा केही विवेचना गर्नु युक्तिसंगत ठहर्छ भन्ने अठोटका साथ प्रमुख बुँदा (Point) तल दिइन्छ।

प्रगतिशीलतालाई Fashion को रूपमा प्रयोग गर्ने गद्धार लेखुवालाई प्रगतिशील शिविरबाट पन्छाउन मात्र नभएर अनजानवश

CC-0. In Public Domain. Digitization by eGangotri

भूल गरिरहेका, साथ विना निराशिएका, शत्रुको प्रहारबाट शक्ति विना थला परेका, सैद्धान्तिक शक्तिको अभावमा बामि झरिरहेका, आर्थिकोभावको कारण आवश्यक सामग्री प्रकाशित गर्न असमर्थ रहेका आदि सबै सबैलाई दोरलो भरिलो रूप दिएर अघि बढाउन प्रगतिशील नेपाली लेखकहरुको बीच संगठनात्मक शक्तिको अभाव प्रष्टिन्छ। कोही पूर्वमा छौं त कोही पश्चिममा, कोही नामको विज्ञापन गरिरहेछौं त कोही त्यसको विरोध अनि कोही शत्रुको मारमा परिरहेछौं त कोही प्रगतिशीलताको घुम्टो ओढेर कागजी-बाघ बनिरहेछौं तर भन्छौं सबै सबै "म प्रगतिशील साहित्यकार।" यस्त स्थितिमा राष्ट्रका सम्पूर्ण भागमा छरिएर रहेका लेखकहरू एउटै सूत्रमा बाँधिन सके अवश्य पनि क्रमिक रुपमा कुतत्व हट्दै जाने थियो र सुतत्वद्वारा सिर्जित संयुक्त शक्ति प्रयोग गर्दै समस्त सामन्त, साम्राज्यवादी प्रतिक्रियावादी नर भक्षकहरूको सखाप पार्न गाह्रो पर्ने छैन। विश्व प्रगतिशील साहित्यकार ल्यूसुनले भन्नु भए झैं (हामी विभिन्न क्षेत्रमा रहेर पनि एउटै उद्देश्य अनुरूप काम गरिरहेको छौं भने स्वभावतः हाम्रो संयुक्त मोर्चा आवश्यक पर्दछ।)

प्रगतिशील नेपाली साहित्यको लिखित (नगण्य रूपमा नै भए पनि) तथा अलेखित दुवै इतिहासतिर आँखा दौडाउँदा हामी पाउन सक्छौं कि गनिनसक्नु साहित्यकारहरू आए, गए. बिलाए, निराशिये, कुबाटो लागे, शत्रुवर्गको दलाली गर्न थाले. कतिले त हात मुख जोड्ने प्राकृतिक नियम पालनको समस्याले गर्दा कलम नै छोडिदिए (सम्भवतः सामूहिकताको डोरीमा बाँधिएका भए यस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

हुने थिएन) यी सबै कारणहरूबट भन्न सकिन्छ कि एक्लाएक्लै युद्ध भूमिमा उत्रिनु पर्दा हाम्रा कलम वीरहरूले हार खाए, अब सबैलाई एक जुट गराउन सके बदला लिने जोशमा पुनः युद्ध भूमिमा उत्रिन समर्थ हुनेछन् । सबै लेखकहरू एक जुट भए एकको निर शालाई दुईको आशाले दबाई दिन्छ, शत्रुको फितलो अर्थात एकमाथि प्रहार गरिएको हतियार दुईको वरिष्ठ बाहुले भाँचिदिन्छ, एकलकाँटे दृष्टिकोण अपनाएर कलम चलाउन पुग्दा अवश्य गल्तीहरू हुन्छन् र गल्तीहरूलाई कसैले सही सिद्धान्तनुरूप औल्याई दिंदा पुनः सुधार गर्नुको बदला जङ्गिन (मोकिन) थालिन्छ । किनभने व्यक्तिवादको साँघुरो घेराभित्र बाँधिएका हुन्छौं । व्यक्तिवाद त्यो क्यान्सर हो, जो आलोचना, स्वआलोचना र अन्य सामूहिक छलफलरूपी रेडियमको प्रयोगद्वारा निको भएर जान्छ । यस किसिमको रेडियम क्युरिले फेल्यै भेटिनन्, यसका आविस्कारक (प्रवर्तक) महामानव कार्लमार्क्स र परिमार्जक लेनिन, स्टालिन तथा माओत्सेतुङ्ग नै हुन् । व्यक्तिवाद क्यान्सर अवश्य हो र एक्लो जीवन क्यान्सरको कीटाणु हो । क्यान्सरवाट बच्न र सुवासित फूलभित्रको कीरा बन्न अवश्य पनि सामूहिकताको मैदानमा उत्रिन सक्नु पर्दछ, यो तब नै सार्थक हुन्छ जब प्रत्येक व्यक्ति सही सिद्धान्तको गहिरो अध्ययनमा लागेको हुन्छ र जसले सामूहिक निर्देशन पाएको हुन्छ ।

हामी एक्लाएक्लै कलम चलाइरहेका छौं । कतिपय जनोपयोगी रचनाहरू सड़ेर गएका छन्, कारण प्रकाशनार्थ आवश्यक पूँजीको अभाव- बहुसंख्यक लेखकहरू आफूद्वारा लिखित रचना

CC-0. In Public Domain. Digitization by eGangotri

सँगालेर त्यसलाई पुस्तकको रूप दिन सक्तैनन् । यस्तै अर्को दुखेसो छ कि प्रगतिशील साहित्यको प्रारम्भिक कालमा जन्मिएका कतिपय उत्साही कवि लेखकद्वारा लिखित वर्तमान परिस्थिति सापेक्षित किताबहरू जो अध्ययनार्थ एवं प्रचारार्थ आवश्यक छन् र पनि बजार शून्य छ । (कतै किन्न पाइँदैन) गस्ता सामग्रीको पुनसंस्करण हुन अत्यावश्यक देखिन्छ तर ती लेखकहरू कोही छैनन् र भएकाहरू पनि पेट पूजाको लागि अक्षता जुटाउन असमर्थ छन् त कसरी पुस्तक छपाउन् ? यसर्थः लेखकहरूको बीच संगठनात्मक शक्ति, सामूहिक कोष आदि भएमा कुनै कसैले कुनै केहीको अभावमा पनि आफूलाई निराश बनाउन र बाटो छोड्न बाध्य हुनु पर्ने छैन । अध्ययनका क्षेत्रमा पनि समस्या नै देखिन्छ जो प्रगतिशील लेखकहरूको लागि अध्ययनार्थ अति उपयोगी ठानिन्छ र पनि आर्थिकोभावको कारण त्यो किनेर पढ्नुबाट बंचित रहनुपर्छ । (यस्ता ग्रन्थहरू पुस्तकालयहरूमा पनि पाउन सकिँदैन) यदि सामूहिक संग्रहालयको प्रबन्ध भएमा उल्लेखित अभावको कारण आवश्यक अध्ययनबाट बंचित रहनु पर्ने थिएन ।

यसै सन्दर्भमा उल्लेखनीय कुरो छ—लेखक र पत्रकार बीचको वर्तमान अशोभनीय सम्बन्ध । लेखक र पत्रकार एक अर्काका पूरक हुन् । अतः दुवै (प्रगतिशील लेखक औ पत्रकार) वर्ग बीच सहअस्तित्व र समन्वय आवश्यक पर्दछ । वस्तुस्थितिको अध्ययनले बताउँछ कि हाल लेखक र पत्रकार बीच जुन रूपले समन्वय कायम रहनु पर्ने हो सो रहन सकेको छैन । लेखक आवश्यकताको विषयमाथि लेख लेख्तछ भने पत्रकार सो प्रकाशित गर्न स्वीकार्दैन,

CC-0. In Public Domain. Digitization by eGangotri

स्वीकार्दछ नै भने पनि लेखकलाई कुनै पनि किसिमको सहुलियत दिने खास नियम बनाउँदैन। लेखक विना पत्रकार र पत्रकार विना लेखकको मृत्यु चाँडो र सजिलै हुन्छ भन्न सकिन्छ र पनि यिनको आपसी सम्बन्ध छैन। लेखकको सहयोग पाएर पत्रकार आर्थिकोपार्जन गर्छ भने लेखक लेख्ने कागत किन्ने पैसा पाउँदैन, अर्कातिर लेखकको लेख प्रकाशित गर्नुको कारणवाट पत्रकार र पत्रिका दुवैले कानूनी मार खान्छ त लेखक हेरिरहन्छ। यी सबै नाजुकावस्थाको श्रोत पनि एउटै मात्र छ संगठनात्मक शक्तिको कमी।

लेखन कार्यमा धेरै वर्षसम्म लागेर निराश भै बाटो विराउनेहरूको संख्या पनि अब सजिलै गणना गर्न नसकिने भैसकेको छ, कतिपय लेखकहरू अझै पनि एकाएक बाध्य भएर मृत्युलाई स्वीकारिरहेँछन. बाँकी रहेका (साहसिला भनौं) हरूको जीवन अनिश्चित र अव्यवस्थितावस्थामा गुज्रिरहेछ। अतः उल्लेखित सबै किसिमका बाधा अप्ठ्यारा र रोग–व्याधीवाट पन्छिएर प्रगतिशीलताको सही सिद्धान्तानुरूप कलम चलाउँदै जान 'नेपाल प्रगतिशील लेखक संघ' अत्यावश्यक र अनिवार्य छ। हुन त सर्वसाधारणलाई भ्रम दिन केही समय पूर्व प्रगतिशील नाम दिएर एक लेखक संघ गठन भएको कुरा प्रकाशमा आएको छ। तर प्रगतिशील शब्दलाई फेशनको रूपमा प्रयोग गरेर आकर्षक बन्न चाहने प्रतिक्रियावादी, अवसरवादी र समाजवादी साम्राज्यवादका पिछलग्गुहरूलाई यहाँ मात्र नभएर विश्वका जुनसुकै पनि भागमा रहेका सच्चा प्रगतिशील जनताको बीच स्थान छैन।

१५ माघ, ०२७ ('जागृति' वाट)

८९१४८०९
वि ५२८ सा
देखि न
२०७९

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकका अरु प्रकाशित पुस्तकहरू :–

(१) 'समयोद्‌गार' (कविता संग्रह) १।–
(२) 'शोषितवर्गको शोषण' (लयात्मक कविता) ।४०
(३) 'प्रचारित साहित्य' (आलोचनात्मक पुस्तिका) [प्रेसमा]

पढ्नुहोस !

सब प्रगतिशील पुस्तक विक्रेताकहाँ पाइन्छ ।

सुझाउको लागि पत्र व्यवहार गर्नु :—

सिन्धुपाल्चोक, पीपलडाँडा सिरानगाउँ
बाग्मती अंचल, हु० चौतारा,
नेपाल ।

मुद्रक :– 'जागृति' प्रेस कमलाक्षी टोल, काठमाडौं, नेपाल ।